पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३०   अङ्क : ३७   २०७० वैशाख २० गते शुक्रबार (May 3, 2013)   मूल्य रू. ७/-

## दलहरूले चुनावी वातावरण बनाएनन्



काठमाडौं । निर्वाचन आयोगले संविधानसभाको चुनावका लागि अनुकुल वातावरण बनाउन राजनीकि दल र सरकारले अपेक्षाकृत काम अगाडि बढाउन नसकेको गुनासो गरेको छ । निर्वाचन आयोगका प्रमुख आयुक्त निलकण्ठ उप्रेतीले त्यस्तो गुनासो गर्दै राजनीतिक दलहरूलाई अब चुनावी वातावरण बनाउन आग्रह समेत गरेका छन् । आयोग चुनाव गराउन तयार भएपनि अझै पनि जनतामा चुनाव हुने कुरामा विश्वास नभएको उनले बताएका छन् । प्रमुख आयुक्त उप्रेतीले चुनावको वातावरण बनाउने कार्य दलहरू र सरकारकै भएको हुनाले उनीरूले नै अविलम्ब (बाँकी अन्तिम पेजमा)

# प्रचण्डको भ्रमणले राष्ट्रको प्रतिनिधित्व गरेन

काठमाडौं । 'राष्ट्रको प्रतिनिधित्व गर्दै' भन्ने नाममा प्रचण्डले वैशाख १ देखि ७ गते र १४ देखि १७ गतेसम्म चीन र भारतको भ्रमण गरे । विगत संविधानसभाको ठूलो दलको हैसियतमा दुवै मुलुकको भ्रमण गरेका प्रचण्डले राष्ट्रको भन्दा आफ्नै पार्टी एमाओवादीको प्रतिनिनिधित्व गरे र आफूलाई 'लोकतन्त्रवादी' प्रमाणित गर्ने प्रयास गरे । प्रचण्डले चीन र भारतलाई



आफूलाई विश्वास गर्न, एमाओवादीलाई शंका नगर्न आग्रह त गरे, गरे, नेपालको आर्थिक विकास गर्न दुवै मुलुकले नसघाए तिनको सुरक्षा चासो संवोधन गर्न सकिन्न भनेर धम्क्याए पनि । प्रचण्डले भ्रमण गर्न जानु अघि राजनीतिक पार्टीहरू, संयन्त्र, सरकार र राष्ट्रपतिसँग कुनै छलफल नै गरेनन् । त्यसकारण पनि प्रचण्डको यो भ्रमण राष्ट्रिय महत्वको हुन सकेन । एउटा पार्टीको नेताले छिमेकी मुलुकको भ्रमणमा जाँदा महत्व दिनु अथवा पाउनु एउटा कुरा हो, त्यस्तो भ्रमणको एजेण्डा राष्ट्रिय हुनसक्ने थिएन, त्यसैले भएन पनि ।

खासगरी चीन र भातरले नेपालमा राजतन्त्र समाप्त भएपछि एउटा बलियो हतियार, मतियार र आड खोज्नु स्वभाविक हो । एमाओवादी नेपालमा प्रभावशाली भएकाले उनलाई दुवै मुलुकले महत्व दिनु स्वभाविक थियो, भएको त्यति हो । प्रचण्ड चीन-भारत भ्रमणबाट नेपालले पाउने केही थिएन, प्रचण्ड फर्किए, अनि भ्रमण सफल भएको धक्कु लगाए ।

खासगरी प्रचण्डले अघि सारेको एजेण्डा भनेको चीन, भारत र नेपालको त्रिपक्षीय समझदारी हो । प्रचण्डको यो एजेण्डालाई चीनले सुन्यो र भारतले बेला भएको छैन भनेर खारेज गरिदियो । प्रचण्ड अहिले पनि त्रिपक्षीय समझदारीलाई रणनीतिक भन्छन्, खारेज भइसकेको प्रस्ताव के को रणनीतिनक ? (बाँकी अन्तिम पेजमा)

## प्रचण्ड यहाँ पनि चिप्लिए

काठमाडौं । भारतले १५ दिन अघिदेखि नेपालबाट निकासी हुने तयारी पोशाकमा १२ प्रतिशत अतिरिक्त शुल्क लगाउन थालेको छ । प्रचण्ड वैशाख १४ गते दिल्ली प्रस्थान गर्नु अघि तयारी पोशाक र अन्य व्यवसायीहरूले भेटेर नेपालको हितमा कुरा गरिदिन हारगुहार गरेका थिए । प्रचण्डले भारतका विदेशमन्त्री सलमान खुर्शिदले वैशाख ७ गते नै खारेज गरिसकेको चीन-भारत-नेपालको त्रिदेशीय सहयात्राको कुरा उठाए तर नेपाललाई अहिले नै निकासीमा प्रभाव परिसकेको भारतले लगाएको १२ प्रतिशत अतिरिक्त करका बारेमा कुरा उठाएनन् । कुरा गर्ने जिम्मेवारी नै ठानेनन् । यिनै प्रचण्ड भन्छन्, मेरो भ्रमण राष्ट्रिय भ्रमण हो । (बाँकी अन्तिम पेजमा)

## सर्वोच्चको फैसलाविरूद्ध सहसचिवहरू

अभियान संवाददाता

काठमाडौं । विधिको विडम्बना नै मानिनु पर्दछ । नेपाल सरकारका प्रथम श्रेणीका सहसचिवहरू नै सरकारको विरूद्ध संघर्षमा उत्रिएका छन् । सहसचिवहरू सरकारको विरूद्धमा उत्रिएको नेपालको इतिहासमै सायद यो नै पहिलो पटक होला । निजामति सेवाका सहसचिवहरूले आफ्नो सेवाका सचिवमा न्याय सेवा आयोगका प्रथम श्रेणीका अधिकृतहरूको समेत बढुवा गर्ने व्यवस्था तत्काल रोक्न निजामित सेवा ऐन संशोधनको लागि अध्यादेश



जारी गर्न सरकारसँग माग गर्दै आन्दोलनमा उत्रिएका हुन् ।

निजामित सेवामा ठूलो संख्यामा रहेका सहसचिवहरूले आइतबार सामान्य प्रशासन मन्त्रालयका सचिव दुर्गानिधि शर्मालाई भेटी सर्वोच्च अदालतबाट निजामति सेवामा रहेका सम्पूर्ण कर्मचारीहरूको वृत्ति विकासमा समेत नकारात्मक असर पर्ने गरी भएको फैसला कार्यान्वयन हुन नदिने माग गर्दै आन्दोलनका कार्यक्रमहरू घोषणा गरेका छन् । सर्वोच्च अदालतको फैसलाको कारण आगमी असारमा रिक्त हुने सचिव पदमा समेत न्याय सेवाका प्रथम श्रेणीका (बाँकी अन्तिम पेजमा)

## मन्त्रालयको निर्देशन प्राधिकरणद्वारा उल्लंघन

अभियान संवाददाता

काठमाडौं । मुलुकभर उपभोक्ताहरूले लोडसेडिङको मार खेपिरहेको बेला नेपाल विद्युत् प्राधिकरणका उच्चतहमा बसेका व्यक्तिहरूको मिलेमतोमा तल्लो तहका कर्मचारीहरूलाई ठाडो निर्देशन दिएर विराटनगरका १५ उद्योगले अनियमित तवरले विद्युत् पाइरहेको रहस्य खुलेपछि त्यसरी अनियमित तवरले दिएको विद्युत् लाइन काटी दोषी उपर कारबाही गर्न उर्जा मन्त्रालयले लिखित निर्देशन दिएको भएता पनि मन्त्रालयद्वारा गठन गरेको उच्चस्तरीय समितिले मन्त्रालयको निर्देशन उल्लंघन गरेको छ ।

विद्युत् विकास विभागका उपनिर्देशक सुन्दरश्याम श्रेष्ठको संयोजकत्वमा पाँच सदस्यीय उच्चस्तरीय समिति गठन भएको भएपनि त्यही समितिले तत्काले लाइन काटी दोषी उपर कारबाही गर्नुको बदला उल्टै उद्योगी र कर्मचारहिरूको बचाउ गरेर मन्त्रालय र मुख्य सचिवको निर्देशनलाई ठाडै चुनौती दिइएको छ । केही समय पहिला ती उद्योगहरूले अनियमित तवरले बत्ति पाइरहेको उजुरी मुख्य सचिवलाई गरिएको थियो । पूर्वाञ्चलका केही व्यवसायीहरूले उजुरी (बाँकी अन्तिम पेजमा)

## राजनीतिमा अपराधीकरण बन्द गर

काठमाडौं । एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले आगामी संविधानसभाको निर्वाचनमा नेपाली कांग्रेस र नेकपा एमालेसहितका अन्य केही दलहरूले गठबन्धन गर्ने उद्घोष गरेका हुनाले एमाले समाप्त भएको घोषणा गरेर आफ्ना कार्यकर्ताहरूको हैसला बढाउने प्रयास गरेपनि राजनीतिक विज्ञहरूले दाहालको त्यो भनाईलाई हावादारीको संज्ञा दिएका छन् ।

एकीकृत नेकपा माओवादी चरम अवसरवादी केही मेधसी दलहरूलाई साथमा लिएर मोर्चाबन्दी गर्दै आगामी निर्वाचनमा (बाँकी अन्तिम पेजमा)

## चन्दा सूची लुकाउन नेताहरूको दबाब

काठमाडौं । उद्योग वाणिज्य महासंघ, चेम्बर अफ कमर्श, सिएनआई, निर्माण व्यवसायी, प्याप्सन, पेट्रोलियम डिलर्स, हान, बैदेशिक रोजगार व्यवसायीहरूले मिलेर आवाज उठाए, पार्टीलाई दिएको चन्दा सूचि सर्वाजनिक गर्छौं । त्यस्तो खर्च आफ्नो खातामा देखाउछौं ।

आफ्नो कालो अनुहार देखिने भएपछि शीर्ष दलहरूले नै चन्दादाताहरूलाई सूची सार्वजनिक नगर्न दबाब दिएका छन् । महासंघले २५ हजारभन्दा बढी चन्दा नदिने भनेर वर्षौंदेखि लविङ गर्दै आएको छ, तर चन्दा माग्नेहरू लाखदेखि करोडसम्म जर्बजस्ती चन्दा असूल गरिरहेका छन् । चन्दा दाताहरू भन्छन्, अब त अति भयो । (बाँकी अन्तिम पेजमा)

## अन्ततः कार्कीले पाए न्याय

काठमाडौं । मुख्य चार दल एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेसी मर्चाको राजनीतिक संयन्त्रले पूर्व मुख्य सचिव लोकमानसिंह कार्कीलाई अख्तियार दुरूपयोग अनुसन्धान अयोगको प्रमुख आयुक्तमा नियुक्त गर्ने सहमति गरेर संवैधानिक परिषद्मा नाम सिफारिस गरेपछि केही राजनीतिक दल र केही कानुन व्यवसायीहरू कार्कीको विपक्षमा खनिएका छन् । मुलुकको मुख्य सचिव समेत रहिसकेका व्यक्तिलाई कुनै संवैधानिक हैसियत नभएको पूर्व न्यायाधीश कृष्णजंग रायामाझीको आयोगले कारबाहीको लागि सिफारिस गरेकै आधारमा कार्कीमाथि अन्याय



हुनु भनेको विधि र कानुनको ठाडो उल्लंघन हुनु हो ।

पूर्वमुख्य सचिव उनी एक्कासी भएका होइनन् । धेरै लामो सयमसम्म निजामति सेवामा रहेर सहसचिव, सचिव हुँदै उनी मुख्य सचिव भएको र पछिल्लो समयमा उनी सरकारबाटै पेन्सन समेत पाइहेका व्यक्ति हुन् । एउटा कुनै कानुनी हैसियत नभएको आयोगले कारबाहीका लागि सिफारिस गरेको र आयोगले दोषी ठहर गरेर कसैको चरित्र माथि धावा बोल्ने अधिकार कसैलाई छैन । कार्की दोषी हुन् कि होइनन् भन्ने निर्णय गर्ने अधिकार अदालतबाहेक अन्य कसैलाई छैन । आजका मितिसम्म अदालतले कार्कीलाई दोषी ठहर गरेको छैन । कार्कीसँगै रायामाझी आयोगले दोषी ठहर गरी कारबाहीका लागि सिफारिस (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# ठूलो संख्याले मात्र संविधान निर्माण नहुने

*चार प्रमुख दल भनिएका एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेसी मोर्चाले वहालवाला प्रधानन्यायाधीस खिजराज रेग्मीलाई चुनावी मन्त्रिपरिषद्को अध्यक्ष बनाउने निर्णय गरेकैं बेला धेरैं विषयहरुमा राजनीतिक सहमति गरेर संविधानको बाधा अड्काउ धारा १५८ मार्फत् संविधान नै संशोधन गरेका थिए । पहिला नै सहमति भएका विषयहरुमा अहिले आएर एकीकृत नेकपा माओवादी र मधेशी मोर्चाले उक्त सहमतिबाट बाहिर निस्कन खोज्नुले आगामी मंसिरमा समेत यी दुवैं दल निर्वाचन गराउन चाहँदैंनन भन्ने शंका उपशंका जन्मिएको छ ।*

*पछिल्लो समयमा एकीकृत नेकपा माओवादी र मधेशी मोर्चाले पहिला नैं सहमति भइसकेका आगामी संविधानसभाको संख्याका बारेमा फेरि विवाद सिर्जना गर्न थालेका छन् । चार दलबीच आगामी संविधानसभाका सदस्यहरुको संख्या चार सय ९१ मा सहमति भएको थियो । अहिले आएर यिनैं दलले चार सय ९१ सदस्य संख्या राख्दा आदिबासी, जनजाति, महिला, मधेशी र अल्पसंख्यक समुदायको लागि छुट्याइएको ३० प्रतिशत आरक्षण गुम्ने भन्दैं संविधानसभामा सदस्यहरुको संख्या ६ सय १ नैं कायम हुनुपर्ने जिकिर गरेका हुनाले उनीहरु मंसिरमा समेत निर्वाचन चाहँदैंनन् भन्ने प्रमाणित हुँदैं गएको छ । रेग्मी सरकार गठन हुनु अघि नैं यिनैं चार दलले सहमति गरेर आगामी संविधानसभामा सदस्यहरुको संख्या चार सय ९१ राख्ने गरी बाधा अड्काउ धारा १५८ मार्फत् संविधान संशोधन गरेर त्यही अनुरुप अध्यादेश जारी भएको थियो । अहिले आएर नेपाली कांग्रेस र नेकपा एमालेले पहिला नैं सहमति भएको विषयका पक्षमा अडिग रहेका भएपनि एमाओवादी र मधेसी मोर्चाले त्यसबाट पछि हट्न खोज्नुले उनीहरु निर्वाचन होइन निर्वाचनका नाममा जनतालाई झुक्याउन मात्र चाहिरहेका छन् कि भन्ने प्रश्न खडा भएको छ ।*

*बाधा अड्काउ फुकाउ आदेशमा संविधानसभाका सदस्यहरुको संख्या ४ सय ९१ हुने भन्ने उल्लेख भएको र पटक–पटक अन्तरिम सविधान अध्यादेश मार्फत् संशोधन गर्नु नहुने पक्षमा कांग्रेस र एमाले रहेको भएपनि फेरि अन्तरिम संविधान नैं संशोधन हुने गरी बाधा अड्काउ धारा मार्फत् संविधानसभाका सदस्यहरुको संख्या ६ सय १ नैं बनाइनु पर्नेमा एमाओवादी र मधेसी मोर्चाले आवाज उठाएका हुनाले चार दल अहिले मुलुकको हितमा भन्दा आफ्ना मान्छेलाई जसरी भएपनि संविधानसभाको सदस्य बनाएर आफ्नो पार्टीगत स्वार्थ पुरा गर्न लागेका छन् । नेपाल जस्तो सानो र गरिब मुलुकमा संविधानसभामा ६ सय १ सदस्य किन चाहियो भनेर जनताले पहिला नैं आवज उठाएका थिए । १ अर्ब २० करोड जनसंख्या रहेको भारतको लोकसभामा ५ सय ४५ सदस्य रहेका छन् । तर हाम्रो जनसंख्या २ करोड ६६ लाख मात्र रहेको गरिब मुलुकमा सभासदको संख्या ६ सय १ पुर्‍याउनु पर्छ भन्नु मुलुकलाई ब्रम्हलुट मच्चाउनु बाहेक अन्य केही हुन सक्दैंन ।*

*एकीकृत नेकपा माओवादीले प्रदेशहरुमा बारेमा हत्या गरिएको संविधानसभाको उप समितिले पेश गरेको प्रदेशहरुकैं संख्यामा प्रदेश निर्माण गरिनु पर्छ भन्ने अडान लिएको छ भने अर्कोतर्फ संविधानसभाको समिति र राज्य पुनःसरचना आयोगले सभासदको संख्या ६ सय १ बाट झारेर १ सय ५१ मा समिति गर्ने प्रतिवेदन संविधानसभामा पेश गरेको किन भुलिरहेको छ ? दलहरुकैं भनाई स्वीकार गर्ने हो भने संविधान निर्माणको कार्य ९० प्रतिशत समाप्त भइसकेको अवस्थामा संविधानसभाले एक वर्षमा संविधान निर्माण गरिसक्ने छ भने संविधान निर्माण गरेपश्चात संविधानसभा स्वतः ब्यवस्थापिका संसदमा रुपान्तरण हुने भएको अवस्थमा गरिब नेपाली जनतालाई ६ सय १ सभासदको भारी बोकाउनुको कुनैं औचित्य छैंन ।*

*यदी दलहरु सदस्य संख्यामा विवाद समाधान गर्न नसक्दैंन भने संविधानभा र ब्यवस्थापिका संसदको सदस्य संख्या नैं तोकेर संविधानसभा र ब्यवस्थापिका संसदको निर्वाचन एकैंदिन छुट्टाछुट्टैं रुपमा गराउर सदस्यहरुको टुंगो लगाउनु उचित हुनेछ । संविधानसभाले संविधान निर्माण गरेपश्चिात स्वतः विघटन हुन्छ र ब्यवस्थापिका संसदले आफ्नो पाँच वर्षे कार्यकाल अगाडि बढाउँछ । आखिर संविधान निर्माण गर्ने २०/३० जनाले मात्र हो, संख्या ठूलो हुँदैंमा संविधान निर्माण हुन सक्दैंन भन्ने प्रमाणित हत्या गरिएको संविधानसभाले गरिसकेको छ, भन्ने हामीले ठानेका छौं ।*

# निर्वाचनको वातावरण नबन्नुका कारणहरू

*देवेन्द्र चुडाल*

संविधानसभाको हत्या गरिएपछि पुनः संविधानसभाको निर्वाचन आवश्यक भएको ठहर दलहरूले गरेपनि संविधानसभाको निर्वाचनभन्दा व्यवस्थापिका संसद र स्थानीय निकायको निर्वाचन आवश्यक थियो । लामो समयसम्म स्थानीय निकायको निर्वाचन नभएको हुनाले स्थानीय निकायहरू दलहरूकै कारण भ्रष्टचारका अखडा बनेका छन् । खासगरेर तत्कालिन संविधानसभामा उपस्थिति भएका चार ठूला दलका प्रतिनिधिहरू राखेर स्थानीय निकाय परिचालन समिति वा संयन्त्र बनाएको र कानुनी रूपमा त्यस्ता समिति वा संयन्त्रहरूप्रति कुनै जावफदेहिता नहुने भएको हुनाले भ्रष्टचारको मामलामा कर्मचारीहरू मात्र परेका छन् । मधेसी दलहरूको मोर्चा बाहेकका प्रमुख तीन दल एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस र नेकपा एमालेबीचको राजनीतिक कसाकसपछि निर्वाचनका लागि सर्वोच्च अदालतका प्रधानन्यायधीश खिलराज रेग्मीलाई प्रधानन्यायाधीश पदमा कायमै राखेर अन्तरिम चुनावी सरकरको नेतृत्व सुम्पिए पनि बौद्धिक जगत र नेपाली जनताले निर्वाचन हुने कुरामा विश्वास गर्न सकिरहेका छैनन् । यदि निर्वाचन नै भइहाले पनि प्रजातान्त्रिक पद्धतिबाट हुन्छ भन्ने कुरमा दलहरूको व्यवहारबाट आशंका उत्पन्न भएको छ । लोकतन्त्र केवल देखाउनका लागि मात्र भए, त्यसले मुलुकलाई अर्को ठूलो संकटमा फसाउन सक्ने आशंका उत्पन्न भएको छ । निर्वाचनको माहोल नै सिर्जना नभएको अवस्थामा तीन ठूला दलका नेताहरू बीच आरोप प्रत्यारोप चल्नुले पनि हामी कता गइरहेका छौं भन्ने प्रमाणित गर्दै गएको छ । लोकतन्त्रलाई दलहरूले जितहारमा किमार्थ लिइनु उचित हुँदैन । दलहरूले चुनाव हारे पनि जनताले जित्ने खालको निर्वाचन भए मात्र लोकतन्त्रको अर्थ रहन सक्छ । लोकतन्त्र भनेको जनताको जित हो, लोकतन्त्रमा दलहरूले हारे पनि जनताको जित सम्भव हुन्छ । जनताले जित्ने छन् भन्ने विश्वव्यापी मन्यतालाई दलहरूले स्वीकार गर्न सकेको खण्डमा मात्र मुलुकको भविष्य सुन्दर रहन सक्छ । कुनै एक दलले निर्वाचनमा पराजय भोगेपनि जनताले जित्ने भएको हुनाले लोकतन्त्र वा प्रजातन्त्रलाई जनताको भविष्यको सुन्दर माला भनिने गरिएको हो ।

लोकतन्त्रमा कुनै एउटा पार्टीको ट्रेडमार्क मात्र जनताको ट्रेडमार्क हुन सक्दैन । अहिले खासगरेर एकीकृत नेकपा माओवादी र नेकपा एमालेका नेताहरू बीच एक प्रकारको वाकयुद्ध नै चलेको छ । एमाओवादीका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहलले मुलुकमा नेकपा एमाले भन्ने पार्टी नै नरहेको अभिव्यक्ति दिन पछि परेनन् भने नेकपा एमालेका वरिष्ठ नेता एवं पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले एमाओवादी अध्यक्ष पुष्पकमल दाहाललाई पागलको उपचार गराउने अस्पताल राँची लैजानु पर्ने अभिव्यक्ति दिए । बरू दालहालसँग उपचार गर्ने पैसा नभए नेकपा एमालले नै पैसाको चाँजोपाँजो मिलाई दिने उद्घोष गरेर दाहालप्रति कडा प्रहार गरे । यसरी आफूहरूलाई कम्युनिष्ट नेता भन्नेहरूले गरेका यस्ता अमर्यादित अशोभनीय अभिव्यक्तिहरूले गर्दा दलहरूप्रति नै जनताको अविश्वसा बढ्न सक्ने सम्भावना बढेर गएको छ । त्यतिमात्र होइन, कथित ठूला दलको नेता हौं भन्नेहरूले आगमी निर्वाचन पछि आफ्नो दल सबैभन्दा ठूलो दल हुने र अर्कौ दलको नाम निसाना नै नरहने उद्घोष गर्दै फलानो दलको कारण संविधान निर्माण हुन नसेको हो भन्दै आफ्नो दायित्व र कर्तव्यबाट पन्छिन खोज्ने प्रवृत्तिले किमार्थ लोकतन्त्रलाई हित गर्दैन । हत्या गरिएको संविधानसभाले संविधान बनाउन नसकेको सत्य वास्तविकता हो । तर, कुनै एक दल र एक नेताका कारण मात्र संविधान बनाउन नसकेको सत्य वास्तविकता हो । तर कुनै एक दल र एक नेताका कारण मात्र संविधान निर्माण नभएको भन्नु सोह्रै आना गलत हो । संविधान निर्माण हुन नसक्नुको दोष खासगरेर एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेशवादी दलहरूको मोर्चाले लिनै पर्दछ । यिनै चार दलका कारण संविधान निर्माण हुन नसकेको घामजस्तै छर्लङ्ग छ । पार्टीगत स्वार्थ र व्यक्तिगत महत्वकांक्षा पुरा गर्ने प्रयास यिनै चार दलले गरेका हुनाले संविधानसभाले संविधान निर्माण हुन सकेन । नेपाली जनताले दुई वर्षको म्यान्डेट दिएर संविधान निर्माण गर्न पठाएका जनताका प्रतिनिधिहरूले जनताको आदेशलाई उलंघन गर्दै आफैंले आफ्नो पदावधि दुई वर्षबाट बढाएर चार वर्षसम्म पुर्‍याए पनि संविधान नै निर्माण नगरी संविधानसभाको हत्या नै गरिदिए । संविधानसभाको हत्या हुनुमा नेपाली जनताको के दोष ? पछिल्लो समयमा केही दलका शीर्ष नेताहरूले जनताले हामीलाई भोट नदिएको हुनाले संविधान निर्माण नभएको भन्दै जनतालाई भ्रमित पार्ने प्रयास गरिरहेका छन् । लोकतन्त्रमा जनताले आफ्नो विवेक प्रयोग गरेर आफूलाई मनपर्ने दललाई मतदिन पाउनु जनताको नैसर्गिक अधिकार हो भन्नेसम्म ज्ञान नभएका नेताहरूले फेरि जनतालाई झुक्याउनैका लागि उडन्ते भाषण गरेर झुठा आश्वासनहरू दिनु स्वयम् दल र नेताहरूको लागि आत्माघाती सावित हुन सक्छ ।

लोकतान्त्रिक निर्वाचन भनेको के हो ? लोकतान्त्रिक निर्वाचनमा जनताको व्यापक सहभागिता हुनै पर्दछ । फेरि हाम्रो देशमा त संविधान निर्माण गर्नका लागि संविधानसभाको निर्वाचन हुन लागेको हुनाले व्यापक जनताको सहभागिता निर्वाचनमा हुनै पर्दछ । जनताको व्यापक सहभागिता निर्वाचनको पहिलो सर्त हो । संसदको निर्वाचन हुने भएमा जनताको सहभागिता केही कमी भएपनि त्यसले खासै असर पर्दैन थियो । तर, मुलुकको मूल कानुन निर्माण गरिने भएको हुनाले संविधानसभाको निर्वाचनमा जनताको व्यापक सहभागिता अनिवार्य सर्त हो । अहिले नेकपा–माओवादीलगायतका अन्य ३३ दलहरू संघर्षमा उत्रिएका छ । उनीहरूको प्रमुख माग भनेकै खिलराज रेग्मी नेतृत्वको सरकारको विघठन र चार दलीय सिन्डिकेट खारेजीको रहेको छ । नेकपा–माओवादीसहित अन्य ३३ दलले अहिलेकै अवस्थामा आफुहरूले निर्वाचन आयोगमा दल दर्ता नगराउने र मुलुकभरमा विरोध कार्यक्रम सञ्चालन गर्ने निणर्य समेत गरिसकेको अवस्थामा सहजै दोस्रो पटक संविधानसभाको निर्वाचन हुन्छ भनेर सोच्नु गलत सावित हुन्छ । एकीकृत नेकपा माओवादी विभाजित भएर बनेको नेकपा–माओवादीले केही मधेशवादी दलहरूजस्तै मधेसी जनअधिकार फोरम नेपाल, संघीय समाजवादी पार्टीलगायत केही जातिवादी पार्टीहरूलाई समेत ३३ दलमा सहभागिता गराएर संघर्षमा उत्रिएको हुनाले ३३ दलको मागहरू सम्बोधन नगरिए आगामी मंसिरमा मात्र होइन अर्को मंसिरमा समेत निर्वाचन हुन सक्ने अवस्था छैन । नेकपा–माओवादीलगायत अन्य ३३ दलले राखेका मागहरू नाजायज देखिँदैन, तर एकीकृत नेकपा माओवादी नेतृत्व भने आफैँबाट विभाजित भएर बनेको नेकपा–माओवादीसँग वार्ता गर्नसम्म तयार नदेखिनु र नेकपा–माओवादीसहितका ३३ दलले निर्वाचनमा भाग नलिए पनि निर्वाचन रोकिँदैन भन्ने उद्घोष गर्नुले एकीकृत नेकपा माओवादीकै कारण मुलुक फेरि द्वन्द्वमा फस्न सक्ने सम्भावना बढेर गएको छ ।

केही दिन पहिला निर्वाचन आयोगका प्रमख्ु आयुक्त निलकण्ठ उप्रेतीले उद्घोष गरिदिए, आगामी संविधानसभाको निर्वाचनमा नेकपा–माओवादीलगायतका ३३ दलले भाग नलिएपनि खासै असर नपर्ने भनेपछि, नेकपा–माओवादीलगायतका अन्य ३३ दल रूष्ट बनेका छन् । निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार क्षेत्रबाट बाहिर गएर भाषण गर्ने अधिकार निर्वाचन आयोगका पदाधिकारीहरूलाई छैन । निर्वाचन आयोगको काम भनेको स्वतन्त्र धाँधलीरहित र निष्पक्ष निर्वाचन गराउनु हो । एउटा पार्टीको कार्यकर्ता जस्तो भएर कसैले निर्वाचनमा भाग नलिए पनि निर्वाचनमा असर पर्दैन भनेर

बाँकी ४ पेजमा

# क्रान्तिवाद संसदवादमा बिलयन



राजन कार्की

'संसदवाद भनेको बोकाको टाउको झुण्ड्याएर कुकुरको मासु बेच्ने थलो हो' भन्ने सैद्धान्तिक मान्यता राख्ने अतिवादीबाट संसदवादीमा अवतरण गरेका 'लालसलाम' कम्युनिष्टहरूको लोकतान्त्रिक ब्यानर झुण्ड्याएर लोकतन्त्रलाई नेपालमा अफापशिद्ध गर्ने भगिरथ प्रयत्न रणनीतिक रूपमा अहिले पनि जारी राखेको व्यवहारबाट प्रमाणित भइरहेको छ ।

पूर्वराजा ज्ञानेन्द्रलाई असोज १८ को असोजतन्त्र लाग्यो, माघ १९ को निरंकूशतन्त्र लादेको, प्रतिगमनकारी आरोप लाग्यो र उनलाई हिटलर भनेर राजदरवारबाट नागार्जुनको जंगलतिर धपाइयो । असोज अथवा माघतन्त्रको जिम्मेवार सात राजनीतिक दल र तिनका नेता थिए, तिनीहरूको जघन्य अपराधको मूल्य राजतन्त्र, हिन्दूराष्ट्र र जातीय संघीयताको चर्कोमूल्यबाट चुक्त गरियो । तर यो मूल्यमा साटिएको लोकतन्त्रले जरा हाल्न सकेन । लोकतन्त्रको जरा काट्नमा पनि हिटलरका प्रतिरूपधारी चरीत्रहरू नै जिम्मेवार थिए । अग्रगमन, नयाँ नेपाल, नयाँ संविधान, समानता भनियो, ०६३ सालदेखि ०७० सालको सुरुसम्म आइपुग्दा पनि अग्रगमन किन सुरू हुनसकेन ? बसन्त परिवर्तनको डिङ हाँक्नेहरू जनतालाई जवाफ दिने नैतिकता प्रदर्शन गर्न सकिरहेका छैनन् । उही भुलभुलैया, उही जनताको आँखामा छारो हाल्ने पुरानै कसरत चलिरहेको छ । भनिन्छ, जनतालाई एकदुईपल्ट झुक्याउन सकिन्छ, सधैं झुक्याउन सकिन्न । हेर्नुछ- राजनीतिलाई सेवाबाट व्यवसाय र सत्तालाई मौजा बनँएर लुट्ने राजनीतिक नवसामन्तहरू लोकतन्त्रलाई कहिलेसम्म मुठ्ठीको माखो बनाइराख्न सक्छन् ? के जनता यसैगरेर त्रसित र साँघुरिएको मानसिकतामा थरथर कामेर र सहेर बसिरहलान् ? जनतामा आएको चेतना र जागरूकता यसैगरेर सुसुप्त भइरहला, ज्वालामुखीजसरी नफुट्ला ?

संविधानसभाको पहिलोभागको पटाक्षेप अत्यन्तै पीडादायी बन्यो र गत जेठ १४ गतेपछिको ११ महिना मुलुक राजनीतिक अस्थिरता, बेमेल, अविश्वास र अराजकताको सिकार बनिरहेको छ । आजका दिनमा पनि 'राजनीतिक सिनो बनेको' चार शीर्षदल सिन्डिकेट गिरोह खडा गरेर मुलुकलाई बन्दी अवस्थामा राखिरहेका छन् । मुखमा राम राम बगलीमा छुरा भनेझैं निर्वैचनको विकल्प छैन, निर्वाचनमा जाऔं भन्छन् तर सहमतिको वातावरण निर्माण गर्ने सामुहिक अन्तरकृया गर्न चाहँदैनन् । प्रचण्ड (एमाओवादी) आफ्नै 'मौसेरा भाइ' बैद्य (नेकपा-माओवादी) सँग जुँगाको लडाइ गरिरहेका छन् । कांग्रेस, एमाले र मधेसी मोर्चाभित्र चौथो ठूलो दल बैद्य समूह निर्वाचनमा गएन भने कसरी निर्वैचन हुनसक्छ ? भन्ने प्रश्न त उठेको छ तर प्रचण्डका सामु सहमतिको सूत्र वार्ता हो, सामुहिक रूपमा वार्तामा बसौं भन्न सक्दैनन् । यही कमजोरीका कारण असारमा गर्ने भनिएको निर्वाचन मंसिरमा पनि हुन्छ र ? भन्ने अविश्वास बढ्न थालेको छ । निर्वैचन आयोग र खिलराज सरकारको विश्वसनीयतामाथि प्रश्नचिन्ह खडा भइसकेको छ । नेपाली समाजमा उखान छ- 'बोकेको कुकुरले मृग मार्दैन ।' सिन्डिकेट विदेशीको र खिलराज सरकार, निर्वाचन आयोग अथवा जति पनि राज्यसंयन्त्रका प्रमुख छन्, ती सबै सिन्डिकेट भूमिगत गिरोहको भागबण्डे दासहरू भएकाले शितल निवासदेखि सिंहदरवारसम्म फैलिएको सत्ताको करिडरमा 'हिट्लरका प्रतिरूपहरू' देखिन्छन्, लोकतन्त्रका साधक, जनताका सेवक देखिदैनन् । र, यिनले लोकतन्त्रलाई साँचो लोकतन्त्रका रूपमा संस्थापन गर्न सक्लान् भनेर कसरी विश्वास गर्ने ?

**राजनीतिक रूपमा सरकार गठन गरेको भए, राजनीतिक वार्ता र सहमति निर्माण सहज हुनेथियो । कर्मचारी सरकार गठन गर्न हुन्छ, कर्मचारीले 'अड्को पड्को तेलको धूप' का रूपमा सरकार चलाउन पनि हुन्छ । त्यसो त कुनै पनि र ाजनीतिक व्यवस्थामा कर्मचारीतन्त्रलाई स्थायी सरकार पनि भनिन्छ ।**

राजनीतिक रूपमा सरकार गठन गरेको भए, राजनीतिक वार्ता र सहमति निर्माण सहज हुनेथियो । कर्मचारी सरकार गठन गर्न हुन्छ, कर्मचारीले 'अड्को पड्को तेलको धूप'का रूपमा सरकार चलाउन पनि हुन्छ । त्यसो त कुनै पनि राजनीतिक व्यवस्थामा कर्मचारीतन्त्रलाई स्थायी सरकार पनि भनिन्छ । तथापि राजनीतिक सक्रियता भइरहेका बेलामा एउटा निर्वाचन गराउनका लागि आफू-आफूमा निषेधको लक्ष्मणरेखा कोर्ने, आफूले आफैलाई अपमानित र असक्षम भनेर डाम्दै कर्मचारीको हातमा सत्ता सुम्पनु गल्ती थियो । त्यसैले पनि राजनीतिक निर्णय बोकेर हिड्ने कर्मचारीलाई सरकारको नेतृत्व दिंदा चैत १ गतेदेखि आजसम्म पनि राजनीतिक वार्ता, निर्वाचनको तिथिमितिमा सहमति र अन्य जटिल समस्याहरूबारे अन्तरक्रियामुखी भएर निदानका जडिबुटी पहिल्याउन 'हनुमानका रूपमा निस्केका' खिलराज सरकारले सकेन । रोग राजनीतिक लागेको छ, यो रोगको निदान राजनीतिक रूपमै खोजिनुपर्छ । खिलराजको गृहमन्त्रीसँग कुरा गर्नुभन्ने 'आदेश' अथवा प्रचण्डको 'जसरी पनि निर्वाचन हुन्छ' भन्ने अहंकार सन्निवातले थलिएको राजनीतिक रोगको निदान हुनसक्दैन । न त 'पृथ्वीनारायण शाहपछिको मै हुँ नायक' भन्ने प्रचण्डको आत्मरतिलाई कसैले विश्वास गर्नसक्छन् । 'देशको जिम्मा एमाओवादीले लियो' भन्ने प्रचण्डले किन खिलराजको नाम प्रस्ताव गर्नुपर्‍यो र खिलराजका सिरानमा झुण्डिएको तरवार बनेर उभिनुपर्‍यो । प्रचण्डले एकचोटि बोल्दा देश नै प्रभावित हुनुपर्थ्यो, पेरिसडाँडामा पनि प्रभाव देखिएन । प्रचण्ड नायक हुन् भने उनले असारमा चुनाव हुन्छ भनेको घोषणा किन कार्यान्वयन हुन सकेन र कात्तिक-मंसिरतिर सर्‍यो र त्यतिवेला पनि निर्वाचन हुन्छ भन्ने विश्वास राजनीतिक दलहरूमै देखिन्न ? प्रचण्डमा आधुनिक हिटलरको झल्का र झिल्काहरू प्रशस्त देखिन थालेका छन् तर अफसोच, प्रचण्ड सत्तामा छैनन् र उनले खडा गरेको खिलराज सरकारले पनि प्रचण्डले देखाएको सत्ताको शिखरमा बस्ने र गल्लीमार्ग हिड्ने प्रवृत्तिबाट प्रचण्डलाई धेरैदिन भरथेग गरिरहने स्थिति नरहने वातावरण बन्न थालिसकेको छ । 'प्रचण्डका जिब्रा धेरै छन्, के बोल्छन्, के बोल्दैनन्, बोलीको ठेगानै छैन' भन्ने सबैलाई थाहा भइसकेको छ । सागको भाउ बढ्छ तर ०६२ सालका सुन प्रचण्ड र ०७० सालमा आइपुग्दा पित्तल प्रचण्ड भइसके । हामीले खोजेको प्रचण्ड सहमति र सुन प्रचण्ड हो । हिनहिनाइरहने, हिट्लरे अथवा पित्ले र पित्तले प्रचण्ड मुलुकको आवश्यकता होइन । न त, सैद्धान्तिक आधारभूमि गुमाएर मरीच चाउरिएजस्तो चाउरिएका कांग्रेस र एमालेको जस्तो निरीह, निर्जिव र पहिचानविहीन अवस्थाको राजनीति ।

अन्ततोगत्वा, फेरि पनि राजनीतिक सहमतिकै आवश्यकता देखिएको छ । प्रचण्ड अथवा शीर्ष दलको सिन्डिकेटले अव निर्वाचन हुन्छ भने पनि असन्तुष्ट रहेका बैद्यको नेतृत्वको ३३ र ५७ दलको मोर्चालाई निर्वाचनमा जानका लागि प्रेरित गर्नैपर्छ । निर्वाचनको विकल्प छैन भनेर सन्तुष्ट पार्नका लागि तिनका आवाज सुन्नैपर्छ । गोलमेच सम्मेलन गरौं र राजनीतिक निकास निकालौं भन्ने प्रस्तावमा किन प्रचण्डले आफ्नो बेइजत सम्झिए भन्ने विषयले कतै अर्को नरसंहार ननिम्त्याओस् । आफ्ना कुराको सुनवाई नभए लाश बन्न तैयार असन्तुष्ट बर्गको 'मर्ता क्या नही कर्ता' को प्रतिवद्धता चानचुने छैन । आफूलाई लोकतन्त्रवादी भन्नेहरूले यो प्रतिवद्धताको सम्मान गर्नैपर्छ र निम्त्याएर वार्ता गर्नैपर्छ । मंगलवार राष्ट्रपति डा.रामवरण यादवले गृहजिल्ला पुगेर 'सरकारसँग वार्ता गर' भनेर जुन अन्तर्वार्ता आदेश दिए, यथार्थमा त्यो आदेश पनि हिटलरी आदेश हो । राजनीतिक सहमतिमा निर्वाचनको वातावरण निर्माण गरेर निर्वाचनलाई सम्भव गराउने प्रमुख दायित्व राष्ट्रपतिमा पनि निर्भर छ । राष्ट्रपतिले असारमा निर्वाचन असम्भव भयो भन्दै मंसिर भन्न सक्ने तर बढ्दो असन्तुष्टिबाट मंसिरमा पनि निर्वाचन होइन, रक्तपात हुने खतरा नदेख्ने हो भने राष्ट्रपति कुन ड्याङको लोकतन्त्रवादी भन्ने प्रश्न उठेन र ?

निर्वाचनको विकल्प छैन, यो नेपालको वास्तविकता हो । यो विकल्पहीनतालाई कसरी राजनीतिक संकल्पमा रूपान्तरण गर्ने ? यस सम्बन्धमा सबैभन्दा बढी दायित्व नेपाली कांग्रेस र एमालेको काँधमा छ । सत्ताकव्जा, सर्वसत्तावाद, निरङ्कूशतावादको एमाओवादी हुण्डरी खेप्दै र खप्दै आएका यी दुई दलले निर्वाचनका मार्गमा देखिएका बाधा-अड्चनबाट पार पाउन संवेदनशील हुनैपर्छ । सरकारको, निर्वाचन आयोगको, राष्ट्रपतिको काम भनेर समस्याहरू पन्छाएर उदासीन बस्ने हो भने असारमा नभएको निर्वाचन मंसिरमा पनि हुन्न र कर्मचारी शासन यसैगरी लम्बिदै जान्छ र राष्ट्रपतिले पनि खिलराज सरकार फाल्न सक्दैनन् । हेक्का होला, जबसम्म बाबुरामले खिलराजलाई सिफारिसका साथ डोर्‍याएर राष्ट्रपति भवन लगेनन्, १८ महिना १४ दिन अघि कामचलाउ भनेर चिठी काट्ने राष्ट्रपतिले बाबुराम सरकार फाल्न सकेनन् । शीर्ष चारदलको सिन्डिकेट त भूमिगत गिरोह हो, यसको कुनै बैधानिक आधार नै छैन, यसले माखो पनि मार्न सक्दैन । माओवादी चुनाव गराउन चाहँदैन भन्नेमात्र होइन, यो बैधानिक प्रक्रियागत यथार्थ बुझेर कांग्रेस, एमालेले निर्वाचन मंसिर उता नजावस् भन्नका लागि पनि असन्तुष्टहरूलाई निर्वाचनप्रति आकर्षित गर्न कठोर निर्णय गर्नुपर्ने पनि अघि सर्नुपर्छ । होइन भने, हिटलरका छटा, छायाँ, प्रतिरूपहरूको काँचो वायु लोकतन्त्रका नायकहरूको शिरमा सवार भएको शासन अरू लम्बिदै र तन्किदै जानेछ । गणतान्त्रिक लोकतन्त्र नेपालको ब्यानर त रहला, नेपाल रहेन भने यो ब्यानर रहनुको के अर्थ ? १९७५ अघि र आज पनि सिक्किम थियो र छ तर अघि राष्ट्रिय फूल सुनाखरी सिक्किमको थियो, आज सिक्किमको राष्ट्रिय फूल कमल भइसकेको छ । यति भिन्नता पनि नबुझ्ने अवुझहरू हिटलर बन्लान्, नयाँ बादशाह पनि बन्लान् तर आफूलाई देशभक्तको आवरणमा विदेशभक्त र लोकतन्त्रको आरणमा सर्वसत्तावादी कोटीमा राख्छन् र राजनीतिक नैतिक मर्यादासम्म कायम गर्न सक्दैनन् भने यिनलाई 'दयामात्र गर्न सकिन्छ ।'



# Kashmir: A Disputed Territory ?

ZAHIR-UD-DIN

Does New Delhi need to accept Jammu Kashmir as a disputed territory? The answer lies in the history of the beleaguered state. If the validity and legality of the instrument of accession is accepted for the sake of argument, then Jammu and Kashmir is an internationally recognized and accepted dispute. By virtue of the instrument of accession, New Delhi is bound to settle the dispute in accordance with the wishes of the people. Accepting Jammu and Kashmir as a disputed territory is a legal compulsion for New Delhi. If the accession is valid then the dispute is to be settled through a reference to the people.

Mountbatten's letter of October 27, 1947 to Maharaja Hari Singh calls the accession conditional. The government of India came out with a White Paper on Jammu and Kashmir in 1948. It called the accession "valid but purely provisional" (page 3).

New Delhi has tried its best to digest the Kashmir meal by taking legislative, administrative and extra-constitutional measures. But, the dispute still haunts Indians notwithstanding the resolutions passed by the Indian parliament from time to time. A resolution was passed on February 22, 1994.

It reads: 'This House notes with deep concern Pakistan's role in imparting training to the terrorists in camps located in Pakistan and Pakistan-occupied Kashmir, the supply of weapons and funds, assistance in infiltration of trained militants, including foreign mercenaries into Jammu and Kashmir with the avowed purpose of creating disorder, disharmony and subversion.'

Renowned legal experts believe it has no relevance. Senior counsel and Peoples Democratic Party (PDP) leader Muzaffar Husain Beigh said: "Centre has to roll back several constitutional Articles extended to Jammu and Kashmir. Article 1 in Indian constitution vis-a-vis schedule one regarding Jammu and Kashmir must be rolled back. Besides Article 372 and section 4 of Jammu and Kashmir constitution also need to be rolled back."

Beigh said, "It is a paper tiger. India must roll back this resolution as well. India can take Kashmir controlled by each other. India should give up its claim on AJK."

Similar views have been expressed by renowned jurist AG Noorani in one of his articles in Frontline. Parliament's Resolution of February 22, 1994, declares Jammu and Kashmir to be "an integral part of India" which is not contested and demands that Pakistan "vacate" the areas in administers. It differs from the Resolution of March 13, 1990, based on a joint statement by Prime Minister V.P. Singh, Rajiv Gandhi, A.B. Vajpayee, L.K. Advani, H.K. Surjeet and others, which referred to the people, not the land alone, and pledged "complete protection of their cultural and religious identity and full expression of their aspirations". The accord would do just that.

Both resolutions, however, are as irrelevant as the Lok Sabha's resolution of November 14, 1962, on China, which affirmed a resolve "to drive out the aggressor".

A resolution of Parliament is not law (Stockdale vs. Hansard, 1839, 9A & E1 and Bowles vs. Bank of England, 1913, 1 ch. 57). S.A. de Smith's Constitutional and Administrative Law holds that such a resolution "has no legal effect outside the walls of Parliament... unless given such an effect by Act of Parliament".

It was India that took the issue to the Security Council. India, in its capacity as complainant cannot go back on its stand. New Delhi cannot say Kashmir is no longer a dispute. Successive Indian governments have been passing resolutions stating Jammu and Kashmir was an integral part of India but never has New Delhi felt the need to withdraw its complaint from the Security Council. As long as the complaint is there, the dispute is there.

In December 1996, the Security Council dropped Kashmir from its agenda. The action evoked severe reaction across the world. The Security Council was forced to place it back on its agenda. However, Pakistan was directed to raise the issue at regular intervals to keep it alive. So the world body of which India is a member accepts Kashmir as a disputed territory.

What is United Nations Military Observer's Group (UNMOG) doing in Srinagar? If Kashmir no longer is a dispute, the UNMOG must go. In 1972, after signing the Simla Agreement, New Delhi asked the UNO to withdraw its military observer from Jammu and Kashmir. But the UNO refused. The former Indian prime minister, Atal Behari Vajpayee, was asked about it. He said: "It does not cause any harm to India."

And last but not the least, the people of India are told that Kashmir cannot be left alone. It is Kashmir that binds a huge country like India together. Leaving Kashmir alone would result in disintegration of India. This is an admission that secularism, socialism and democracy have not integrated India effectively during the past six decades. It is Kashmir that has done the job for India. If this is true, then Indians have to do some serious thinking.

## निर्वाचनको...

प्रमुख आयुक्त जस्तो व्यक्तिले अभिव्यक्ति दिनु निर्वाचनको वातावरण विगार्न खोज्नु बाहेक अन्य केही होइन । प्रमुख आयुक्त उप्रेतीलाई स्मरण हुनुपर्ने हो नेकपा–माओवादीकै कारण केही दिन पहिला मतदाता नामावली संकलन कार्य अवरोध भएको हुनाले प्रमुख आयुक्त उप्रेतीकै आदेशमा मतदाता संकलन कार्य रोक्नु परेको थियो । निर्वाचनको वातावरण बनाउने दायित्व दल र सरकारको हो । आफ्नो अधिकार क्षेत्रबाट बाहिर गएर कुन दलले भाग लिएमा के हुन्छ, कुन दलले भाग नलिएमा के हुने भन्ने अधिकार प्रमुख आयुक्तलाई छैन । संविधानसभाको निर्वाचनमा व्यापक जनसहभागिता हुनै पर्दछ र सबै दलहरूले भाग लिनै पर्दछ भन्ने तर्फ आयोगले अन्य दलहरूलाई भन्न सक्नु पर्नेमा ३३ दलले भाग नलिए पनि निर्वाचनमा कुनै असर पर्दैन भन्नु कुनै एक दललाई खुशी पार्ने षड्यन्त्र बाहेक अन्य केही होइन । एकीकृत नेकपा माओवादी अहिले पनि आफुबाट विभाजित भएर गएको नेकपा–माओवादीले निर्वाचन बहिस्कार गरिदियोस् भन्ने पक्षमा रहेको छ । यदि नेकपा–नेकपा माओवादीले निर्वाचनमा भाग नलिएको खण्डमा उक्त पार्टीका केही नेता बाहेकका कार्यकर्ताहरूले आफ्नो पार्टीलाई मत दिने विश्वास एकीकृत नेकपा माओवादीमा रहेको हुनाले एमाओवादीले सोही अनुरूपको रणानीति अपनाएको बेला प्रमुख आयुक्त जस्ता व्यक्ति त्यस्तो अभिव्यक्ति दिनुको पछाडीको रहस्य त प्रष्ट नै भएको छ । उप्रेती लगायत, अन्य केही आयुक्तहरूलाई संविधान नै संशोधन गरेर आयोगमा पुनः पुर्‍याएको हुनाले उनीहरूले त्यसको गुन तिर्न खोजेको अनुमान लगाउनेहरूको समेत कमी नरहेको बेला प्रमुख आयुक्तको त्यस्तो उद्घोषले त्यसलाई प्रमाणित गरेको छ ।

सबै दलहरूले राष्ट्रिय मुद्दाहरूमा नीतिगत प्रतिस्पर्धा गर्नै पर्दछ । जनताको ताजा मतबाट हरेक मुद्दालाई राजनीतिक निष्कर्षमा पुर्‍याउनै पर्दछ । लोकतान्त्रिक निर्वाचनको विशेषता र अनिवार्य सर्त भनेको यही हो । अव पनि राज्यको संघीय स्वरूप महत्वपूर्ण र गम्भीर मुद्दा बनेर आउने छ । त्यस्तो गम्भीर महत्वपूर्ण मुद्दाहरूमा कुनै एक दलले मात्र निर्णय गरेको खण्डमा त्यसले किमार्थ स्थायित्व पाउन सक्दैन । विश्वको उत्कृष्ट संविधान बनायौँ भनेर २०४७ सालको संविधान निर्माणकर्ताहरूले त्यसैबेला भन्ने गरेका थिए । २०४७ सालको संविधान निर्माणकर्ताहरू अहिले पनि पार्टी राजनीतिमा सक्रिय रहेका छन् । तर २०४७ सालको संविधान ५ वर्ष नपुग्दै असफल सावित भयो भनेर संसदमा प्रतिनिधित्व गर्ने तत्कालिन संयुक्त जनमोर्चा (हाल एकीकृत नेकपा माओवादी) २०५२ सालमा जंगल पसेको थियो । १० वर्षे जनयुद्धले गर्दा झण्डै १७ हजार निर्दोष नेपाली जनताले ज्यान गुमाउन बाध्य भए । विकास निर्माणका संरचनाहरू ध्वंस पारिए । विकास निर्माणको कार्यमा नेपाल ५० वर्ष पछाडि पर्‍यो । आफ्नै देशमा लाखौं व्यक्तिहरू आन्तरिक शरणार्थीको जीवन बिताउन बाध्य पारिए । यी सबै सत्य तथ्यगहरू हाम्रै सामु रहेका बेला फेरि पहिलाका गल्ती दोहोर्‍याउँदै संविधानसभाको निर्वाचनमा कुनै एक दुई पार्टीले भाग नलिएरमा कुनै आसर पर्दैन भन्नु कुनै हालतमा पनि नेपाली जनता र मुलुकको हितमा छैन ।

यी सबै विविध कारणहरूले गर्दा आगमी संविधानसभाको निर्वाचनमा सबै राजनीतिक दलहरूलाई सहभागी गराउने वातावरण सिर्जना आफूहरूलाई ठूला दल हौँ भन्ने दल र सरकारले गर्नै पर्दछ । जनताले मत हालेर दलहरूको हैसियत कायम गरिदिने भएको हुनाले अहिले ६ वर्ष अगाडि भएको निर्वाचनको परिणामलाई देखाएर हामी ठूला दल हौँ भन्ने घमण्ड कसैले राख्नु उचित हुँदैन । यदि नेकपा–माओवादीलगायतका ३३ दलले उठाएका मागहरू जायज छैनन् भने अन्य दलहरूले नेकपा–माओवादी लगायत ३३ दललाई आफ्ना एजेण्डामा ल्याउन सक्नु पर्दछ । यदि होइन भने उनीहरू उनीहरूका जायज मागहरू पुरा गरेर उनीहरूलाई निर्वाचनमा सहभागी गराउनु नै संविधानसभा निर्वाचनको सुनिश्चितता हो ।

*devendrachudal@gmail.com*

## AMBASSADOR OF PAKISTAN GOLF TOURNAMENT



Ambassador of Pakistan Golf Tournament 2013 was organized by Embassy of Pakistan, Kathmandu at Royal Nepal Golf Club on 26-27 April 2013. Mr Ram Kumar Shrestha, Minister for Youth Sports, Culture, Tourism and Civil Aviation was the Chief Gust of the award ceremony.

A total of approximately 70 golfers participated in the tournament and prizes for different categories were distributed amongst the winners by Minister Mr Ram Kumar Shrestha, HE Mr Arshad Saud Khosa, Ambassador of Pakistan and President RNGC Mr Prachanda Shrestha. Embassy of Islamic Republic of Pakistan has been organizing Ambassador of Pakistan Golf Tournament annually since 1975 in RNGC. The tournament is an effort to further strengthen and harmonize the friendly relations between the two countries.

# चुनाव : मधेशवादी दल र गैरमधेशवादीको रणनीति

**उपेन्द्र झा**

देशमा स्थापित रहेको संविधान सभाले संघीयता सहितको नयाँ नेपाल बनाउन, पाएको जनादेश विपरित थालिएको दलीय स्वार्थका तिकडमी राजनीतिले संविधान सभालाई निष्कर्ष विहीन बनाएर अन्त मात्र गरेन अपितु अन्तरीम संविधानमा उल्लेखित सहमतिको आधारलाई समेत धाराशायी बनायो । फलतः राजनीतिक गतिरोधको गाँठो कस्सिदै गयो । पारस्परिक अविश्वासका कारण दलहरु जनादेशको दायित्वलाई बिर्सेर विपरित दिशातिर राजनीतिलाई डोऱ्याउन थाले । राष्ट्रिय राजनीतिले एमाओवादी, नेपाली काँग्रेस र एमालेलाई त्रिशक्तिको रूपमा उभ्याए पछि आफूलाई सर्वशक्तिमान् बुझि दिग्भ्रमित भएका यी तीन दलहरूले सत्तास्वार्थलाई प्राथमिकतामा राखेर गलत निर्णय गर्दै गतिरोधलाई सशक्त पार्दै गए । महाभारतमा शकुनीले तयार पारेको चक्रव्यूह जस्तै तीन दलीय स्वार्थले तयार पारेको राजनीतिक चक्रव्यूहमा देशलाई मात्र फँसाएन, आफू पनि फँसेर अस्तित्वहीन बन्न पुगेका छन् । चक्रव्यूहको एउटा ढोका खुले पनि सामुन्ने आन्दोलनको त्रासले संविधान सभा चुनावको वातावरण अनुकूल भई रहेको छैन ।

मधेशको राजनीतिः- संविधान सभा चुनावको घोषणा भए पश्चात् मधेशका नेता कहलिएका दिग्गज राजनीतिज्ञहरु चुनावी रणनीति तयार पार्न र सोही बमोजिम आफना कार्यकर्त्तालाई निर्देशन दिन व्यस्त रहेका छन् । चुनावी माहौल तथा जनतालाई आकर्षित गर्न विभिन्न कार्यक्रम लिएर दलहरु गाउँ पस्न थालेको छ । मधेशका लागि वैकल्पिक धरातल तयार नभएसम्म मधेश चुनावी आकर्षणबाट नै प्रभावित भई रहन्छ । विगतमा टूटफूटको राजनीतिले कमजोर बनेको मधेशलाई सशक्त नेतृत्व गर्न "मधेशपुत्र"को रूपमा प्रचण्ड प्रगट भएका छन् । प्रचण्ड रथका सारथी बनेका कतिपय मधेशका नेताहरु आफनो अस्तित्व बचाउन जे गर्न तयार छन् । पूर्व, पश्चिम, उत्तरमा पार्टीको वर्चस्व कायम गरेको प्रचण्ड मधेशलाई आफनो प्रभावमा लिन अगाडि बढेको छ । मधेशलाई नेतृत्व गर्न असक्षम बनेका मधेशका राजनीतिक दलहरूको मधेशमा प्रभाव घटेको अनुमान गरि प्रचण्ड दृढतापूर्वक मधेशलाई कब्जा गर्न अगाडि बढेको सहजै अनुमान गर्न सकिन्छ ।

विगतको संविधान सभामा मधेशमा आशातीत उपलब्धि पाउन नसकेकोले पनि मधेश प्रचण्डको रणनीतिमा प्राथमिकता पाएको बिषय हो । मधेशको अविश्वास, वितृष्णा र आक्रोशलाई कैश गरि आफनो प्रभावमा लिन बनाईएको रणनीति र कार्यनीतिबाट मधेशलाई खासै फायदा भने छैन । मधेशमा गैर मधेशी राजनीतिक पार्टीहरु राजनीतिक प्रभाव जमाउन रणनीति तहत उत्रेका छन् भने मधेशका दलहरु निरुद्देश्य, बिना रणनीति मधेश मुद्दाको राग अलाप्दै मधेशलाई फकाउने सूरमा देखिएका छन् । जसरी पनि चुनाव जितेर सत्तासंग टास्सिन जाने महत्वाकाँक्षाबाहेक मधेशको अधिकार आन्दोलनलाई सशक्त पारि अगाडि बढ्ने कसैको पनि उद्देश्य छैन । मधेश मुद्दाको नाममा चरम अवसर प्राप्त गर्ने उद्देश्य बोकेका अवसरवादी नेताहरूको बाहुल्य छ । पार्टी नजिते पनि आफू कसरी जित्ने संकीर्ण मानसिकताभन्दा मधेशलाई अधिकारको बाटोमा कसरी सशक्त रूपमा अगाडि बढाउने भन्ने सैद्धान्तिक संकल्प छैन । मधेशका राजनीतिक दलहरुको विगतको अनैतिक क्रियाकलापबाट निराश बनेको मधेश प्रतिक्रियात्मक अवस्थामा रहेको कारणले अपेक्षित उपलब्धि हासिल हुन सक्दैन । यदि संविधान सभाको चुनाव भयो नै भन्ने अवस्थामा तीन दलीय वर्चस्व कायम रहने निश्चित छ । मधेशको लागि संविधान सभाको चुनाव "कागको लागि बेल पाक्यो, न हर्ष न विस्मय" जस्तै हुने भयो । संविधान सभामा वर्चस्व कायम गर्ने दलहरूले विगत भैं संघीयता विरोधी क्रियाकलाप न दोहोऱ्याउला, भन्न सकिन्न । कमजोर तथा टुक्रिएको मधेश, रक्षात्मक पंक्तिको रित्तता, चरम अवसरवादको स्थितिमा संविधान सभाको चुनाव नै भयो भने मधेशको हकमा कुनै उपलब्धि नपर्ने निश्चित छ । मधेश हरेक दृष्टिकोणबाट उर्बर भूमि रहेकोले सबै राजनीतिक दलहरूको निशाना बनेको छ । सबैले आफनै किसिमको रणनीति यहाँ प्रयोगमा ल्याएको छ । हुनत संविधान सभाको चुनाव शो केसको मिठाई जस्तै भएको छ । हेर्न त पाइन्छ, खान भने पाइँदैन ।

मधेश चरम व्यक्तिवादी अवसरवादको दलदलमा भास्सिदै गई रहेको छ । मधेशमा उग्र वैचारिक नारा तथा "अब केही नहुने" भन्ने निराशाजनक अभिव्यक्ति दुबै विचार अवसरवादका पृष्ठपोषक हुन् । यस्तै दुष्प्रवृतिले मधेशलाई अधिकार आन्दोलनबाट पर धकेल्दै गई रहेको छ । यस्ता दुष्प्रवृतिलाई निरूत्साहित गर्दै मधेशलाई फेरि अधिकार आन्दोलनको दिशामा अग्रसर गराउन समग्र मधेशमा एउटा रक्षापंक्ति निर्माण गर्न आजको अपरिहार्य बिषय बनेको छ । संविधान सभाको चुनाव भए पनि नभए पनि अधिकार आन्दोलनको लागि निर्मित यो सशक्त संगठनात्मक बलले नै मधेशलाई अधिकार दिलाउने एकमात्र बाटो हुनेछ । सशक्त राजनीतिक श्रृंखला चुँडिएपनि मधेशवादी सेन्टीमेन्ट जीवित रहेकोले यसले नै संगठनात्मक स्वरूपलाई जन्म दिन्छ र सशक्त पनि बनाउँछ । यस यथार्थलाई स्वीकार गर्ने इमान्दार, कर्मठ, त्यागी तथा मधेशको अधिकारप्रति समर्पित व्यक्तित्वले नै यो कार्यदिशालाई अगाडि बढाउन सक्दछ । अधिकार जन सरोकारको बिषय हो । जन सरोकारमा समर्पित व्यक्तित्व नै यसका मुख्य अभियन्ता हुन सक्दछ । नैराश्यताको माहौलमा अधिकारका कुरा दबिएर रहे तापनि एकदिन घनीभूत रूपमा देखा पर्ने निश्चित छ ।

**कमजोर तथा टुक्रिएको मधेश, रक्षात्मक पंक्तिको रित्तता, चरम अवसरवादको स्थितिमा संविधान सभाको चुनाव नै भयो भने मधेशको हकमा कुनै उपलब्धि नपर्ने निश्चित छ । मधेश हरेक दृष्टिकोणबाट उर्बर भूमि रहेकोले सबै राजनीतिक दलहरूको निशाना बनेको छ । सबैले आफनै किसिमको रणनीति यहा प्रयोगमा ल्याएको छ ।**

राज्यको परम्परागत रूपमा मधेशप्रतिको बक्र दृष्टिकोण र त्यस बमोजिमको षडयन्त्रका प्रकारहरु निरन्तर रूपमा चलि रहँदा नै मधेश शोषण र दोहनबाट मुक्त हुन सकेको छैन । विगतको संविधान सभामा उठेको संघीयताको आवाजलाई न्यून गर्ने यही षडयन्त्रका श्रृंखला हुन जो अद्यावधि कायम छ । षडयन्त्रका सूक्ष्म भेदहरूलाई गहनतापूर्वक अध्ययन हुन जरूरी छ । अर्को संविधान सभाको चुनाव गराउने भनिएको सरकारको प्रयास पनि अधिकारवादी आन्दोलनलाई भुक्याउने खेल मात्र हो । मधेशलाई संगठनात्मक रूपमा कमजोर पारि गरिने संविधान सभाको चुनाव मधेशलाई अधिकारबाट पन्छाउने कुरा मात्र हो । संविधान सभामा आफ्नो वर्चस्व कायम गरि मनोमानी ढंगले मधेशको परिभाषा गर्ने यस षडयन्त्रको लक्ष्य हो, मधेशले यही कुरा बुझ्नु पर्दछ ।

मधेश आन्दोलनले आफनो अधिकारका लागि आफनै धरातलबाट आवाज उठाए अधिकार प्राप्त हुने कुरा प्रयोग गरेर सिकाएको हो । सबै नेताहरु पार्टी छोडेर आफनो धरातलमा आए पनि । यही राज्यको भयको कारण बन्यो । राज्य मधेशलाई आफनै धरातलमा एकीकृत रूपमा संगठित हेर्न चाहँदैन । त्यसैले मधेशलाई सबै पार्टीभित्र समाहित गरेर टुक्रिएको अवस्थामा राखेको थियो । मधेश राज्यको यो सूक्ष्म भेदलाई जानेर विद्रोहको माध्यमबाट आफनो धरातल बनायो । भयाक्रान्त राज्यले मधेशको यो एकताबद्ध प्रयासलाई विफल तुल्याउन भर मग्दुर प्रयास गऱ्यो र सफल पनि भयो । विभिन्न पार्टीभित्र रहेका मानसिक शोषणमा परेका मधेशी नेताहरूले मधेशले कठीन परिश्रमको बावजूद तयार पारेको मधेशवादको सॉंगठनिक धरातलको औचित्य बुझ्न सकेन र राज्यको प्रलोभनमा आफनै घर उजाड्न उर्जा खर्च गरे । आज घरबारविहीन भएका मधेशी नेताहरु ओत लाग्न धौ धौ परेको एउटा अलग बिषय हो । आफनो घर नहुँदा अर्काको घरमा पाहुना बस्न जाने वा अर्कैको भरमा हिंड्ने बाध्यता छँदै छ ।

केही कारणवश अधिकार आन्दोलनमा गतिहीनता आएपनि राज्यको दोहन र शोषण विरुद्ध मधेश गन्तव्याभिमुख रहन्छ नै । आँधी तूफानले घर भत्काए पनि मधेश फेरि सक्रिय भई अधिकार आन्दोलनको दिशामा अगाडि बढ्छ नै । यो उसको बाध्यता हो ।

*(मधेश दर्पण फिचर)*

भर्छ कृषकको जीवनमा ऊर्जा
अब आयो ग्लोबल आइएमई बैंकको कृषि कर्जा




नेपाल कृषि प्रधान देश हो। देशले कोमुली फेरिरहेको बेला यहाँका हरेक कृषकहरू प्रगतिको सपना देख्दैछन् । सपना पूरा गर्न अनेक बाधा अड्चनसँग लड्दै आएका छन्, जसमध्ये आर्थिक अड्चन पनि प्रमुख हो। ग्लोबल आइएमई बैंकले यी कर्मठ हातलाई साथ दिन र उनीहरूका सपना साकार गर्न कृषिकर्जा लिएर आएको छ। यस कर्जा कार्यक्रम अन्तर्गत कृषकले निम्न उल्लेखित सुविधा सहित सजिलै ऋण पाउन सक्दछन् ।

विशेषताहरू
- कृषि व्यवसायसँग सम्बन्धित व्यक्तिहरूलाई लक्षित गरिएको
- रु. ५० हजार देखि रु. १ करोड सम्म ऋण प्राप्त गर्न सकिने
- ऋणको प्रकृति हेरेर ६ महिना देखि ७ वर्ष सम्मका लागि ऋण प्रदान गर्न सकिने
- सरल र छिटो ऋण उपलब्ध गराइने
- व्यक्तिगत रूपमा कृषि व्यवसाय गर्न वा समूहलाई पनि लगानी गर्न सकिने
- कृषि योग्य जमिनलाई पनि धितोको रूपमा स्वीकार्य सकिने

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

अधिक जानकारीका लागि :
टोल फ्रि नं. १६६००१५१३१४
ईमेल: info@globalimebank.com.np

# फिलिपिनो कामदारहरु अमेरिकी नीतिमा सुधारको पक्षमा

**जर्ज गाओ/जो हिचोन**

न्यूयोर्क । दक्षिणी राज्य लुजियानामा भएको कानुनी लडाइँले संयुक्तराज्य अमेरिकाका धेरै कम्पनीमा फिलिपिनो कामदारको अनुचित भर्ना र रोजगारीका अभ्यासका सम्बन्धमा नयाँ अवधारणा अघि सारेको छ ।

केहीअघि संघीय न्यायाधीशले लस एन्जलसको एउटा कम्पनीले दासी कामदारको रुपमा काम लगाएका ३४७ जना फिलिपिनोलाई झण्डै ४५ लाख डलर क्षतिपूर्ति उपलब्ध गराउन आदेश दिएको थियो । ती कामदारहरु लुजियानाका सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकशिक्षिका रहेका थिए ।

न्यू अर्लियन्स राज्यमा जहाज कारखानामा कार्यरत १०० भन्दा बढी फिलिपिनो कामदारले पनि रोजगारदाताबाट विभेदकारी व्यवहार, धम्की र दुर्व्यवहार सहनु परिरहेको आरोप लगाएका छन् र उनीहरु कानुनी उपचारको खोजीमा अघि बढेका छन् । ग्रान्ड आइसल सीपयार्ड (जीआइएस) नामको त्यो कम्पनीले ब्लाक एल्क इनर्जीको स्वामित्वमा रहेको तेल उत्पादन प्लेटफर्ममा ती फिलिपिनोलाई काम गर्न लगाएको थियो । संघीय नियामकहरुका अनुसार त्यो अमेरिकी कम्पनीले सन् २०१० यता सामुद्रिक क्षेत्रबाट तेल निकाल्ने क्रममा ३१५ वटाभन्दा बढी सुरक्षा प्रबन्धलाई बेवास्ता गरेको छ ।

ब्लाक एल्क इनर्जीको समस्या मेक्सिको गल्फमा रहेको प्लेटफर्ममा गत नोभेम्बरमा भएको विस्फोटपछि अझ बढेको थियो । यो विस्फोटमा परेर तीनजना फिलिपिनो कामदारको मृत्यु भएको थियो भने कैयौं अरूहरु गम्भीररुपमा घाइते भएका थिए ।

यो घटनाले अमेरिकी कम्पनीहरूले विदेशबाट अतिथी कामदारका रुपमा कामदार झिकाउने र उनीहरूलाई खतरापूर्ण काममा लगाइने विषयले निकै प्रमुखता पाएको छ । यो प्रवृत्तिले खासगरी उनीहरुको शोषण हुने गरेको धारणा अघि आएको छ । अमेरिकास्थित फिलिपिनो कामदारहरुको साझा संस्था बायान युएसएका अनुसार अमेरिकी अतिथी कामदार कार्यक्रमले विगतदेखि नै एकपटकमा एक रोजगारदाताका निम्ति काम गर्नुपर्ने बाध्यता हुन्छ । यहीकारण यो प्रावधानले उनीहरु शोषणमा पर्दछन् । ग्रान्ड आइसल सीपयार्ड विरूद्ध दर्ता गरिएको गुनासाहरुको सूचीमा ज्यालामा ठगी, गैरकानुनी तलब कट्टा र करको चोरी समेतका छन् ।

"मुख्य खतरापूर्ण अवस्था नै उनीहरूले सुत्न नपाउने हो, अर्थात् बढी घण्टासम्म लगातार काम गर्नु पर्दछ र त्यस्तो कार्य अमेरिकी कामदार गर्दैनन्," वासिङ्टनस्थित पैरवी गर्ने संस्था काटारून्गानका सदस्य जोसेफ कालुगेले आईपीएसलाई बताए । "उनीहरूले कहिलेकाहिँ त लगातार दुई सातासम्म लगातार काम गर्नुपर्छ, अर्थात् हप्ताको ७० घण्टा ।"

बायानका अनुसार फिलिपिनो वेल्डर, पाइप फिटर र स्काफोल्डरलाई नक्कली सम्झौता कागजातका आधारमा तस्करी गरिन्छ । यस्ता कागजातमा बढी तलब र सुरक्षित कामको वातावरण रहेको विश्वास दिलाइन्छ । तर धेरैजसोलाई तेल निकाल्ने खतरापूर्ण पाइप रहेका प्लेटफर्ममा राखिन्छ ।

यसैबीच, पूर्व जीआइएस कामदारहरूले कानुनी कारवाहीको प्रक्रिया थालनी गरेको भए पनि विस्फोटका कारण सबै कुरा ओझेलमा परेको छ, कालुगेले भने । नोभेम्बरमा भएको विस्फोटनपछि जीआइएसका पूर्व कर्मचारीले कम्पनीका विरूद्ध खुलेर बोल्ने साहस पनि बटुलेका छन्, उनको भनाइ छ । सञ्चार माध्यमहरूले पनि तेल उत्खनन् स्थलमा रहेको कार्य वातावरणप्रति ध्यान दिन थालेका छन् । उदाहरणका लागि, एकजना स्थानीय टेलिभिजन संवाददाताले खोजमूलक रिपोर्ट नै प्रसारण गरेका छन् जसले श्रमिकमाथि भएको दुर्व्यवहार र जीआइएससँग सम्बन्धित रहेका निजी कन्ट्राक्टरको समूहका बारेमा पर्दाफास गरेको छ ।

फिलिपिन्स सरकारले भने विगत लामो समयदेखि दैनिक ४,५०० भन्दा बढी फिलिपिनो कामदार विदेशमा कामका लागि जाने गरेको भन्दै आत्मसन्तुष्टि लिने गरेको छ । उनीहरूले पठाउने विप्रेषणले फिलिपिन्सको अर्थतन्त्रलाई सम्हालेको छ ।

तर फिलिपिनो समुदाय र डायस्पोराले फिलिपिन्स सरकारले यो प्रवृत्तिलाई विकासका रुपमा किन चित्रित गरिरहेको छ भनी प्रश्न गर्न थालेका छन् । "सरकारले विदेशमा कार्यरत फिलिपिनी कामदारको सुरक्षाप्रति बिल्कुलै चासो देखाएको छैन," कालुगे भन्छन् । "तैपनि यो कामदार निकासी नीति नै विकासको एउटा खम्बाका रुपमा रहेको छ – गरिबी वा देशभित्रै रोजगारीको कमीलाई सम्बोधन गर्नुको सट्टा सरकारले आफ्ना नागरिकलाई विदेशतर्फ पलायन हुन बाध्य पारिरहेको छ ।"

तैपनि बायान युएसएका उपमहासचिव ज्याकलीन मारिआनो कामदारले समस्या भोग्नुमा यहाँको प्रणालीमै कमजोरीका कारण रहेकी बताउँछिन् । उनको विचारमा यो समस्याप्रति वासिङ्टन पनि बेखबर छ । "अमेरिकी शोषणकारी आप्रवास प्रणालीले फिलिपिन्सको भ्रष्ट कामदार निर्यात नीतिबीच निकै बलियो सम्बन्ध छ जसका कारण सस्ता, अस्थायी आप्रवासी कामदारको प्रवाह निरन्तररुपमा बढ्दो छ," उनले हालै जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ । यथार्थमा, विदेशी कामदारको भर्नाको अभ्यासका सम्बन्धमा यहाँ निकै कम मात्र नियमनकारी व्यवस्था छ । धेरै कामदारले रोजगारीकै निम्ति आफ्नो देशमा निकै ठूलो ऋणको बोझ बोकेका हुन्छन् र यसले कार्यस्थलको अवस्थाका सम्बन्धमा सम्झौता गर्न बाध्य बनाउँछ । यहीकारण उनीहरु जस्तोसुकै कामका निम्ति पनि राजी हुन्छन् ।

अमेरिकी आप्रवास नीतिले रोजगारदाताको भीसा अनुमतिका आधारमा यी कामदारले काम पाउन सक्ने व्यवस्था गरेको छ । "उनीहरु आफ्ना रोजगारदातामै बढी मात्रामा टिकेका हुन्छन्, र उनीहरूले राम्रोसँग ज्याल पाए नपाएको वा जोखिमपूर्ण काम गर्नु परेको वा घर फर्कनु परेको जस्ता कुराहरु कम्पनीमै निहीत हुन्छ," लुजियानाका आप्रवासी न्याय परियोजनाका उप कानुनी निर्देशक जीम नोपले बताए । "तर उनीहरूले यति धेरै ऋण लिएका हुन्छन् कि उनीहरूले आफ्नो पहिलो आर्जनबाट त्यो ऋणको बोझ चुक्ता गर्न सक्दैनन्, र यसले उनीहरूलाई वास्तवमै कठिन अवस्थामा पुऱ्याउँछ ।"

फेब्रुअरीको सुरूआतमा जीआइएसका धेरैजना पूर्व कामदारलाई मानव तस्करीमा परेको ठानिएको थियो र उनीहरूलाई "टी भीसा" अर्थात् मानव बेचबिखनसम्बन्धी भीसा उपलब्ध गराइएको थियो । यो भीसाले उनीहरूलाई चार वर्षसम्म संयुक्तराज्य अमेरिकामा कानुनीरुपमै बस्नका निम्ति अनुमति दिन्छ ।

फिलिपिनो अधिकारकर्मीहरूले अहिले संयुक्तराज्य अमेरिकाका निम्ति फिलिपिनो राजदूतको राजीनामाको माग गरिरहेका छन् । उनीहरूले अतिथी कामदारको शोषणको अन्त्य गर्नका निम्ति नीतिमा व्यापक सुधार गर्न पनि आग्रह गरेका छन् ।

फेब्रुअरीको अन्त्यतिर नेसनल एलायन्स अफ फिलिपिनो कन्सर्न (नाफकोन), बायान युएसए र साउदर्न पोभर्टी ल सेन्टरको प्रायोजनमा ग्रान्ड आइसल सीपयार्डमा कार्यरत फिलिपिनो कामदारको न्यायका निम्ति एउटा तथ्य खोजी मिसन पठाएको थियो । मिसनमा खटिएको टोलीका सदस्यहरूले के तथ्य पत्ता लगाए भने जीआइएसले फिलिपिनो पूर्व कामदारविरूद्ध मानहानिको मुद्दा दर्ता गरेका थिए । यसले छलफलमा भाग लिन कामदारहरूलाई अनुमति दिंदनथ्यो ।

"मानहानिको यो कदमले के देखाउँछ भने कम्पनी निकै त्रसित अवस्थामा रहेको छ र मानिसहरूले कम्पनीको अवस्थाका बारेमा थाहा पाउने छन्," मिसनमा सहभागी कानुनी सहयोगी कट्रिना अबारकारले आईपीएसलाई बताइन् । "शोषणका बारेमा जानकारीहरु सार्वजनिक हुन नदिन उनीहरु हरसम्भव प्रयत्न गरिरहेका थिए ।"

उनी भन्छिन्, यो अभियानमा सहयोग गरिरहेका सबै समूहले आप्रवासी र कामदारको अधिकारको पक्षमा व्यापकरुपमा सहभागिता जनाएका छन् र उनीहरूले सत्यता सार्वजनिक नहुँदासम्म र न्याय नदिलाउँदासम्म जीआइएसका पूर्व कामदारको पक्षमा रहने प्रतिबद्धता जनाएका छन् ।

*(आई.पी.एस्./एन्.पी.आई.)*

## भगौडेलाई केको पुनर्स्थापना ?

काठमाडौं । द्वन्द्वकालमा जागीर छाड्ने, भाग्नेहरूले पुनर्स्थापनाका लागि लामो समयदेखि संघर्ष गर्दै आए पनि शान्ति तथा पुनर्निर्माण मन्त्रालयद्वारा गठित सहसचिवहरू साधुराम सापकोटा, महेन्द्रप्रसाद गरागाईं, द्वारिकाप्रसाद आचार्य, मुरारीप्रसाद शर्मा तथा उपसचिव देवराज ढकालको अध्ययन समितिले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, निजामती तथा राष्ट्रिय अनुसन्धान विभागका त्यस्ता कर्मचारीहरूलाई पुनर्वहालीका लागि अयोग्य रहेको निष्कर्ष निकालेको खबर छ । यिनीहरूमध्ये एक जना पनि द्वन्द्वकै कारण सेवाबाट अवकाश लिएको पुष्टि हुने प्रमाण नदेखिएकाले प्रचलित कानुन अनुसार यस्तो निष्कर्ष निकालिएको हो । प्रतिवेदन मन्त्रालय पुगेको छ, कानुन संशोधन गरेर पुनर्वहाली गर्ने कुनै सुझाव समितिले दिएको छैन ।

द्वन्द्वकालमा जागीर छाड्नेहरु ४६ हजार ७ सय ७६ रहेका छन् । उनीहरु कतिपयलाई माओवादीले नै धम्क्याएर, जबरजस्ती जागीर छोडाएको थियो भने कतिपय भागेका थिए । समाचारअनुसार सेनाबाट १९ हजार ४ सय ४८, नेपाल प्रहरीबाट ११ हजार २ सय ८०, सशस्त्र प्रहरीबाट ८ हजार ५ सय ४३, निजामती सेवाबाट ७ हजार २ सय २७ तथा राष्ट्रिय अनुसन्धान विभागबाट २ सय ४२ जनाले जागीर छाडेका थिए । शान्ति मन्त्रालयका प्रवक्ता प्रेमप्रसाद सञ्जेलका अनुसार 'अभर परेका बेला जागिर छाड्ने, सभर परेका बेला पुनर्बहाली हुने प्रणाली स्थापित गरियो भने राष्ट्रसेवामा दीर्घकालीन असर गर्नेछ ।' त्यस्ता कर्मचारीहरू कुनै पनि हालतमा पुनर्वहाली हुनसक्दैनन् ।

सरकारी स्तरको यो रिपोर्टले पुनःर्स्थापना हुनुपर्छ, होइन भने सशस्त्र संघर्षसमेत गर्न तैयार छौं भनेर लामो समयदेखि प्रदर्शन, धर्ना, अनसनसमेत बसेर संघर्ष गरिरहेका द्वन्द्वकालमा अनेक तरिकाबाट सिकार भएका हरूको संगठित शक्ति बढी आक्रोसित भएको छ । उनीहरू तालिमप्राप्त जनशक्ति पनि हुन् र उनीहरूले आफू हतियार उठाउन सक्नेसम्मको धमास पनि दिएका थिए । अब हेर्नुछ, ४७ हजारले पुनर्स्थापना र न्यायका लागि कुन हदसम्मको सडक संघर्ष गर्ने हुन् र तिनलाई घरको न घाटको बनाउने माओवादी नेताहरूले तिनीहरूलाई कुन प्रकारको आश्वासन दिने हुन् ?

## अमेरिकामा पशुपतिनाथ !

काडमाडौं । देवाधिदेव महादेव, पशुपतिनाथ मन्दिरको व्यवस्थापन गर्न नसक्ने र भ्रष्टाचारमय बनाउने पशुपति विकास कोषले अमेरिकाको लस एन्जलसमा पशुपतिनाथको मन्दिर बनाउन प्राविधिक, साँस्कृतिक लगायतका सहयोग गर्ने भएको छ ।

पशुपति विकास कोषका सचिव सुशील नाहटा, कोषाध्यक्ष नरोत्तम वैद्य र क्यालिफोनियास्थित पशुपतिनाथ फाउण्डेशनका बीच सहयोग आदानप्रदान गर्ने सम्झौता भएको छ ।

नेपालमा ८१ प्रतिशत हिन्दू छन् र यस्तो मुलुकलाई धर्म निरपेक्ष मुलुक घोषणा गर्दा राजनीतिक नेताहरूको ऐच्छिक र जनादेश विपरितको निर्णय मान्दैनौं भन्न नसक्ने पशुपति विकास कोषका पदाधिकारीहरू नेताको चाकरी गर्नमै व्यस्त रहे । यस्ता अवसरवादी पदाधिकारीहरूले क्यालिफोर्नियामा पशुपति नाथ मन्दिर बनाउन सघाउँछु भन्नुको पछाडि पनि आर्थिक कारण हुन सक्ने आशंका गरिएको छ ।

त्यसो त पशुपतिनाथको मन्दिर विश्वभरि नै बन्नु र फैलिनु हिन्दू धर्मको जगेर्नाको एक अंश हो । तर पदाधिकारीहरूको असक्षमताले काठमाडौंस्थित पशुपतिनाथको व्यवस्थापन गर्न सकिरहेको छैन, त्यसकारण यिनको प्रयत्नमा किन प्रश्न उठ्दैन ?

# गुल्मपति तथा स्टाफ तालिम सम्पन्न



काठमाडौं । सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तले राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान मातातिर्थको आयोजनामा सशस्त्र प्रहरी बल युएन शान्ति स्थापना तालिम केन्द्र ककनीमा संचालित सि.सं.११ गुल्मपति तथा स्टाफ तालिमको प्रधान कार्यालय हल्चोकमा आयोजित एक कार्यक्रममा समापन गरे । महानिरीक्षक वन्तले कार्यक्रममा तालिममा प्रथम भएका सशस्त्र प्रहरी नायव उपरीक्षक प्रेमध्वज शाहलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेका थिए ।

वन्तले पेशागत जिम्मेवारी निर्वाहमा उच्च मनोवलका साथ क्रियाशिल रहँदै व्यावसायिक कौशल प्रयोग गर्दै कार्यक्षेत्रमा समर्पित रहन निर्देशन पनि दिए । बलका राष्ट्रसेवकहरू व्यावसायि ज्ञानमा निपूर्ण रहँदै प्रचलित कानूनको स्पष्ट ज्ञान एवं मानवअधिकार तथा नागरिकको नैसर्गिक हक अधिकारको बारेमा पूर्णरूपमा जानकार रहनुपर्ने उल्लेख उनले कार्यक्षेत्रमा जिम्मेवारी निर्वाह गर्दा संगठनको नीतिअनुरूप परिचालित हुन तथा मानवअधिकारको पूर्णरूपमा रक्षा गर्दै परिणाममुखी कार्यसम्पादनमा क्रियाशिल रहन निर्देशन पनि दिएका थिए । महानिरीक्षक वन्तले समयसँगै कार्यक्षेत्रका चुनौतीहरूमा समेत परिवर्तन आइरहने चर्चा गर्दै आइपर्ने चुनौतीलाई सामना गर्न सुरक्षाकर्मीहरू शारिरिक तथा मानसिक रूपले सधैं तयार रहनुपर्ने उल्लेख गरे ।

सशस्त्र प्रहरी महानिरीक्षक वन्तले भने- 'चुनौतीलाई सामना गर्न व्यावसायिक कुशलताका साथै उच्च मनोवल र हौसला तथा सोही अनुरूपको सोच एवं समयानुकूल व्यावसायीक ज्ञान अपरिहार्य रहन्छ ।' मानवअधिकारको सम्मान तथा सम्बर्द्धनतर्फ सधैं सचेत रहिरहन निर्देशन दिँदै वन्तले कार्यक्षेत्रमा निर्दिष्ट लक्ष्य प्राप्त गर्न सधैं सफल रहन पेशागत ज्ञान, सामूहिक भावना तथा पवित्र सोच एवं संगठनप्रतिको निष्ठा महत्वपूर्ण कुरा रहने बताए ।

कार्यक्रममा तालिमका प्रमुख शिक्षक सशस्त्र प्रहरी उपरीक्षक शम्भु सुवेदीले तालिम सम्बन्धी प्रतिवेदन पस्तुत गर्दै कमाण्डर तहको भूमिकालाई कार्यकुशलताका साथ पुरागर्न सक्ने क्षमता र पेशागत दक्षता अभिबृद्धिका लागि प्रशिक्षार्थीहरूलाई तालिमको दौरानमा सैद्धान्ति एवं व्यवहारिक प्रशिक्षण दिइएको बताए । सो अवसरमा सशस्त्र प्रहरी महानिरीक्षक वन्तले तालिमका प्रमुख शिक्षक सशस्त्र प्रहरी उपरीक्षक शम्भु सुवेदी तथा प्रशिक्षकहरू सशस्त्र प्रहरी नायव उपरीक्षकत्रय बिष्णुप्रसाद भट्ट, दिपेन्द्र कुवँर र पुरनचन्द्र भट्टलाई प्रशंसापत्र प्रदान गर्नुभयो ।

तीन महिना अवधिको सो तालिममा कूल २५ जना सशस्त्र प्रहरी नायव उपरीक्षकहरू प्रशिक्षार्थीको रूपमा सहभागी रहेका थिए । कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्ति महानिरीक्षकहरू ठाकुरमोहन श्रेष्ठ, दुर्जकुमार राई, ऋषभदेव भट्टराई, जीवनकुमार थापा, कृष्णकुमार तामाङ र शुशिलकुमार श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

**सेनामुख हतियार तालिम**

सशस्त्र प्रहरी बल युक्ति तालिम महाविद्यालय नवलपरासीमा संचालन हुने सि.सं. २२२ सेनामुख हतियार तालिम महाविद्यालयको समादेशक सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक अरविन्द घितालले प्रथम प्रवचन गरे । सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक घितालले पेशागत दक्षता हासिल गर्न सहयोग पुऱ्याउने यस्ता व्यावसायीक प्रशिक्षण कार्यलाई प्रशिक्षार्थीहरूले अवसरको रूपमा लिनुपर्ने चर्चा गर्दै अनुशासित एवं लगनशिल भई तालिम सम्पन्न गर्ने विश्वास व्यक्त गरेका थिए । उनले तालिमबाट सैद्धान्तिक एवं व्यवहारिक ज्ञान पुनर्ताजगी हुने उल्लेख गर्नुँहुँदै आफुलाई कार्यक्षेत्रमा सक्षम र दक्ष सशस्त्र प्रहरी कर्मचारीको रूपमा उभ्याउन प्रशिक्षार्थीहरूले बढीभन्दा बढी सिक्ने प्रयास गर्नुपर्ने बताए ।

कार्यक्रममा सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र वस्नेतले धन्यवाद ज्ञापन तथा तालिमका प्रमुख शिक्षक सशस्त्र प्रहरी निरीक्षक विजयकुमार चौधरीले तालिम सम्बन्धी योजना प्रस्तुत गरेका थिए । आठ हप्तासम्म चल्ने सो तालिममा विल्लादार तथा जवान गरी कूल ५० जनाको सहभागिता रहेको छ ।

# काठमाडौंका घर भत्कन भुकम्प आउन पर्दैन

*विमला पाण्डे*

काठमाडौं महानगरपालिका भवन निर्माण बिभागका बरिष्ठ इन्जीनीयर डा. उत्तर कुमार रेग्मीले काठमाडौंमा निमार्ण गरिएको घरहरू र विभिन्न हाउजिङहरू अत्यान्तै जोखिमपुर्ण भएको बताउनुभएको छ । भवन निमार्ण मापदण्ड अनुसार घरहरू नबनेको यस्तो अवस्ता उहाँको भनाई छ । मिडिण इन्टरनेसनलले आयोजना गरेको 'कन्ट्रक्सन सामग्रीको क्वालीटी र भवनहरूको गुणस्तर' विषयक कार्यकमममा बोल्दै रेग्मीले नेपाल सरकराको गुणस्तर विभागको नै विस्वास गर्न नसकिएको बताउनुभयो । मुनाफा कसले धेरै खाने भन्ने अस्वथ्य प्रतिस्प्रर्धाले गर्दा पनि घर बनाउने सामाग्रीहरूको गुणस्तर खस्किदै गएको रेग्मीको भनाई छ । मापदण्ड अनुसार घर नबन्नुमा महानगरपालिका मात्र दोषी नभएको भन्दै उहाँले छड र सिमेन्ट व्यवसायी पनि उत्तिकै दोषी भएको बताउनुभयो । व्यवसायीहरूले विज्ञापन खर्च घटाएर अनुसन्धानमा खर्च गरी गुणस्तर कायम गर्नुपर्ने उहाँको भनाई छ ।

कार्यक्रममा बोल्दै भूकम्प प्रविधि राष्ट्रिय समाज (एनसेट)का बरिष्ठ बिशेषज्ञ विजय कृष्ण उपाध्यायले काडमाडौंमा बनेका घरहरू भत्कन भुकम्पनै आउन नपर्ने बताउनुभयो । अधिकांस घरहरू र अहिले बनिरहेका हाउजिङहरू ज्यादै कमजोर तरिकाले निमार्ण गरिएकोले भत्कन भुकम्पनै आउनु नपर्ने उहाँको भनाई छ । काठमाडौंका अधिकांस अपार्टमेन्टहरू खोलाको किनारमा बनाइएकोले ज्यादै जोखिमपुर्ण भएको समेत उहाँले बताउनुभयो । घर निमार्ण गर्दा घर बनाउने जमिन कस्तो छ ? कस्तो डिजाइनमा बनाइएको छ ? र डिजाइन अनुसार निमार्ण गरिएको छ कि छैन यी तीन कुराहरूलाई विचार गर्नुपर्ने उपाध्यायको भनाई छ ।

सोही अवसरमा बोल्दै काठमाडौं स्टिलका निर्देशक आनन्द नेपालले सस्तोमा सामान ल्याएर बेच्दा गुणस्तर खस्कदै गएको बताउनुभयो । घर बनाउने डण्डीमा खिया लाग्ने गरेको, मक्कानिएको घटना सामान्य बन्दै गएको उहाँको भनाई छ । 'विश्वमा २ प्रकारका डण्डीहरू छन्, गुणस्तरीय र कम गुणस्तरीय, नेपालमा कम गुणस्तरको डण्डी नै प्रयोगमा आएकोले तत्काल असर नदेखिएपनि कालान्तरमा नकरामत्मक असर पर्छ, नेपालको भनाई छ ।'

## एनआइसी फाउन्डेसनको सहयोग

काठमाडौं/ एनआइसी बैंकद्वारा प्रवर्द्धित सामाजिक इकाइ एनआइसी फाउन्डेसनले नेपाल अर्थोपेडिक अस्पतालमा उपचाररत १४ वर्षमुनिका असहाय तथा गरिब बालबालिकाको उपचारका लागि २ लाख ७० हजार रूपैयाँ उपलब्ध गराएको छ । सहयोग रकम बैंकका प्रमुख कार्यकारी अधिकृत ससिन जोशीले नेपाल अर्थोपेडिक अस्पतालका मेडिकल निर्देशक डा. सजु प्रधानलाई हस्तान्तरण गरेका हुन् ।

फाउन्डेसन र अर्थोपेडिक अस्पतालबीचको सम्झौताबमोजिम १४ वर्षमुनिका गरिब, असहाय तथा आर्थिक स्थिति कमजोर भई खुट्टाका पैताला पछाडि फर्किएका बालबालिकाको उपचार अस्पतालले गरिसकेको बताइएको छ । एनआइसी फाउन्डेसनले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत मुलुकका विभिन्न स्थानमा अनाथ-अपांगलाई छात्रवृत्ति, निःशुल्क स्वास्थ्य परीक्षण, वृद्धाश्रमलाई सहयोग, रक्तदानलगायत कार्यक्रम गर्दै आएको छ ।

## सामसुङ एयर कन्डिसनर बजारमा

काठमाडौं/ नेपालका लागि सामसुङ इलेक्ट्रोनिक्स्को अधिकृत बिक्रेता हिम इलेक्ट्रोनिक्स् प्रालिले सामसुङ एयर कन्डिसनर नेपाली बजारमा बिक्री सुरु गरेको छ । नया रेन्जमा अत्याधुनिक प्रविधि र विशेषता रहेको कम्पनीले जनाएको छ । एयर कन्डिसनरमा पूर्ण एचडी फिल्टर प्रविधि जडान गरिएकाले कोठाको वातावरण स्वच्छ र ताजा बनाउने दाबी कम्पनीको छ । एयर कन्डिसनरको चलाइले तापक्रमलाई अधीनमा राख्छ भने अटो क्लिन प्रविधिले एसी बन्द भए पनि स्वचालित रूपमा पंखा चलिरहन्छ । कम्पीका अनुसार एयर कन्डिसनरले अरुभन्दा ३६ प्रतिशत विद्युत् कम खपत गर्छ ।

## 'डिजिटल सिन्धु' गोष्ठी

काठमाडौं/ राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०१३ को अवसरमा सिन्धुपाल्चोकलाई डिजिटल जिल्लाका रूपमा रूपान्तरण गर्ने उद्देश्यले मंगलबार 'डिजिटल सिन्धु' विषयक एकदिने गोष्ठी सम्पन्न भएको छ । गोष्ठी उद्घाटन विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयका सचिव केशवप्रसाद भट्टराईले गरेका थिए ।

कार्यक्रममा सचिव भट्टराईले सूचना तथा सञ्चारप्रविधि प्रयोगले ग्रामीण जनताको जीवनस्तर उकास्न र गरिबी निवारणको राष्ट्रिय लक्ष्य प्राप्त गर्न सहयोग पुऱ्याउने बताए । उनले सूचना तथा सञ्चारप्रविधिको सहयोगमा जिल्लाका स्थानीय निकाय, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, मनोरञ्जन क्षेत्रलाई पूर्ण रूपमा डिजिटल बनाई सिन्धुपाल्चोकलाई नमुना डिजिटल जिल्ला बनाउन मन्त्रालयका तर्फबाट सक्दो सहयोगको प्रतिबद्धता व्यक्त गरे ।


**नेपाल आयल निगम लि. को खाना पकाउने एल.पी. ग्याँस प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी**

**अति आवश्यक जानकारी**

एल.पी.ग्याँस अत्यन्त प्रज्वलनशील पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त सतर्कता र सावधानी अपनाउन जरूरी हुन्छ । यसैले खाना पकाउने ग्याँसँको चुहावटबाट हुने दुर्घटनाबाट बच्न देहायका कुराहरूमा ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनु पर्ने कुराहरू:**

१. एल. पी. ग्याँस सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऊँ, भान्छामा सिलिण्डर सधैं ठाडो राखी प्रयोग गरौं, सुताएर घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुल्हो जस्ता उपकरणहरू गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गरौं । साथै हरेक २ (दुई) वर्षमा ग्याँसको पाइप फेरौं
३. खाना पकाउँदा झ्याल ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
४. काम सकिएपछि सधैं रेगुलेटर बन्द गरौं ।

**ग्याँस चुहावट भएमा ध्यान दिनु पर्ने कुराहरू :**

१. खाना पकाउने स्थानमा एल.पी. ग्याँसको तिखो गन्ध आइरहेको छ भने ग्याँस लिक भइरहेको छ भन्ने बुझ्नु पर्दछ । ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्याँस हावा भन्दा गह्रौ हुने भएकोले भुईंमा बस्छ । यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको झिल्का निस्कने पदार्थ जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर, धुप आदि नबालौं र विजुली बत्ती, टर्च लगायत कुनै पनि विद्युतीय उपकरण नचलाऔं ।
३. ग्याँस लिक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्भमा सेप्टी क्याप ढकन लगाएर घर बाहिर खुल्ला ठाउँमा राखी छिटोभन्दा छिटो नजिकको ग्याँस विक्रेता वा सम्बन्धित ग्याँस उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**

उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेडद्वारा जारी ।

### दलहरूले...

चुनावको वातावरण मिलाउनु पर्ने बताउँदै आयोगको कार्यलाई दलहरूका कार्यकर्ताले सघाउनु पर्ने बताएका छन् ।

अहिलेसम्म पनि दलहरूले गाउँ गाउँमा आफ्ना कार्यकर्ता परिचालन गर्न नसकेको र मतदातालाई जागरूक पार्ने कार्यमा समेत दलहरूले आफ्ना कार्यकर्ताहरू परिचालन गर्न नसकेको हुनाले निर्वाचन हुने कुरामा जनताले विश्वास गर्न नसकेको उप्रेतीको ठहर छ । दलहरू अहिलेसम्म पनि मानसिक रूपमा निर्वाचनका लागि तयार नहुनु नै प्रमुख चुनौती रहेको उप्रेतीको ठहर छ । सबैलाई निर्वाचन चाहिएको छ, तर चुनाव हुन्छ र ? भन्ने नकारात्मक मानसिकता दलहरूबाट हट्नु पर्ने जिकिर गर्दै प्रमुख आयुक्त उप्रेतीले अहिलेदेखा परेका विवादहरूको समाधान खोज्नु पर्ने र नेकपा-माओवादीलगायतका दलहरूले उठाएका विषयहरूका बारेमा सरकार र अन्य दलहरूले सम्बोधन गर्नुपर्ने बताएका छन् । नेकपा-माओवादीलगायतका अन्य दलहरूले उठाएका मागहरू सम्बोध गर्न ढिलाइ भएको खण्डमा आयोगका काम कारबाही समेत प्रभावित हुने भएको हुनालो दलहरूले अब एकै ठाउँमा बसेर आ-आफ्ना मतमतान्तर टुंग्याएको खण्डमा सजिलै चुनावी वातावरण बन्न सक्ने उप्रेतीले बताएका छन् । तर प्रमुख चार दल चुनावी वातावरण बनाउन सक्रिय नदेखिएकाले चुनावी वातावरण बन्न नसकेको उप्रेतीको ठहर छ ।

### प्रचण्डको...

हो, प्रचण्डले भारतका प्रधानमन्त्री मनमोहन सिंह, विदेशमन्त्री सलमान खुर्शिद, सुरक्षा सल्लाहकार शिवशंकर मेनन, सचिव, रञ्जन मथाई, करण सिंह, शरद यादव, डिपी त्रिपाठी, सी राजा, सीताराम यचुरीलाई भेटेर आफूलाई लोकतान्त्रिक नेताका रूपमा चिनाए । महत्व पाए । तर नेपाले के पायो ? हात लाग्यो शून्य । प्रचण्डले भारतीय नेताहरूसँग रोइकराई गरे पनि कांग्रेस आईकी अध्यक्ष सोनिया गान्धी सँग भने भेट्न पाएनन् ।

### प्रचण्ड यहाँ पनि...

नेपाल तयारी पोशाक संघका अधयक्ष उदयराज पाण्डे भन्छन्, 'यस्ता नेताबाट नेपालको आर्थिक विकास हुन सक्दैन ।' अमेरिकामा तयारी पोशाक निकासी घटेपछि भारतमा निकासी हुन थालेको थियो । त्यसमा पनि अतिरिक्त कर लगाइदिएपछि तयारी पोशाक उद्योग सुक्ने स्थितिमा पुगेको छ ।

### सर्वोच्चको...

कर्मचारीको मात्र नाम सिफारिस भई उनीहरूको मात्र बढुवा हुने भएको र त्यसले शाखा अधिकृत देखि सहसचिवसम्मको वृत्तिविकासमा असर पर्ने भएको हुनाले आफूहरू आन्दोलनमा उत्रिनु परहेको बताएका छन् ।

हाल निजामित सेवामा झण्डै ६ सयको हाराहारीमा सहसचिवहरू कार्यरत रहेका भएपनि न्याय सेवामा उनीहरूको संख्या ६० मात्र रहेको र न्याय सेवामा न्यून संख्यामा सहसचिवहरूको दरबन्दी रहेको हुनाले उनीहरूको बढुवा समेत निजामति सेवाको भन्दा छिटो हुने गरेको आरोप सहसचिवहरूले लगाएका छन् । बढुवा छिटो हुने भएपछि वरिष्ठताको आधारमा रिक्त हुने सचिव पदमा उनीहरूकै पदोन्नति हुने भन्दै निजामति सेवाका सहसचिवहरूले सर्वोच्च अदालतले हालै गरेको फैसलला कार्यान्वयन नगर्न सरकालाई दबाब दिदै आएका छन् । सर्वोच्च अदालतको फैसलाकै कारण मन्त्रालय नै नदेखेका र निजामित प्रशासन नै नबुझेका न्याय सेवाका वकालत समूह, न्याय प्रशासन समूहका प्रथम श्रेणीका अधिकारीहरू निजामित प्रशासनमा बढुवा भएर मन्त्रालय चलाउने विडम्बनापूर्ण स्थिति भएको सहसचिवहरूले उल्लेख गरेका छन् ।

निजामति सेवाका सहसचिवहरूले न्याय सेवाका प्रथम श्रेणीका अधिकारीहरूलाई निजामति सेवामा बढुवा हुनबाट रोक्ने अध्यादेश सरकारले जारी नगरेसम्म दिनहुँ एक/एक घण्टा बढाएर धर्ना बस्ने कार्यक्रमको उद्घोष गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत उनीहरू धर्ना बस्ने कार्यक्रम रहेको एक सहसचिवले बताएका छन् ।

विभिन्न मन्त्रालय र निकायहरू, विभाग, कार्यालयहरूमा समेत ठूलो संख्यामा सहसचिवहरूले नेतृत्व गरेका हुनाले सहसचिवहरूको माग पुरा नभएको खण्डमा राजस्व संकलनदेखि लिएर निर्वाचनको तयारीमा समेत अवरोध आउन सक्ने अवस्था सिर्जना सर्वोच्च अदालतको फैसलाबाट भएको छ । सर्वोच्च अदालतको उक्त फैसलालाई रोक्न मन्त्रिपरिषद्का अध्यक्ष तथा प्रधानन्यायाधीश खिलराज रेग्मीको ध्यानाकर्षण गराउँदा समेत उनीबाट कुनै पहल नभएपछि आफुहरु संघर्षमा उत्रनु परेको एक सहसचिवले जानकारी दिएका छन् ।

### मन्त्रालयको...

गरेपछि मुख्य सचिवले दोषी उपर कारबही गर्न उच्चस्तरीय छानविन समिति बनाएका थिए । विद्युत् प्राधिकरणका महाप्रबन्धक चिरञ्जीवी शर्मा समेत छानविन समितिलाई मन्त्रालयले चैत २७ गते फिडरबाट सोझै अनियमित तवरले लाइन वितरण भएको भए तत्कालै लाइन काट्न निर्देशन दिएको थियो । उक्त समितिले लोडसेडिङ्ग नहुने गरी सेटिङ मिलाइएका उद्योगहरूको पहिचान गरे पनि लाइन नै नकाटी ढिलो गरी प्रतिवेदन बुझाएको थियो ।

विद्युत् कटौती गर्न नसकिने उद्योगहरूमा धनलक्ष्मी सेन्थेटिक्स, पशुपति सिनप्याक, एसियन थाइफुड, मैनावती स्टिल, अरिहन्त मल्टि फाइबर, अरिहन्त पोलिप्याक, निगाले सिमेन्ट उद्योग र मारूती सिमेन्ट रहेका छन् । यी सबै उद्योगमा ३३ केभीबाट सोझै लाइन वितरण गरिएको छ । उच्चस्तरीय समितिले प्राधिकरणका कार्यकारी निर्देशक रामेश्वर यादव, क्षेत्रीय ग्रिड प्रमुख र वितरण प्रमुख नै उक्त कार्यमा संलग्न भएको देखिए पनि समितिले उनीहरू माथि कारबाहीको सिफारिस नै नगरी आफ्नो प्रतिवेदन बुझाएको छ । उच्चस्तरीय समितिले तत्कालै आफैंले गर्नसक्ने कार्य समेत नगरी प्राधिकरणलाई लोडसेडिङ्ग गर्न मात्र भनेको हुनाले समिति नै तिनै दोषीहरूको पञ्जामा परेको प्राधिकरण सुत्रले बताएको छ । मन्त्रालयले अनियमितता गर्ने कर्मचारीहरूलाई कारबाही गर्न सिफारिस गर्नु भन्ने निर्देशन दिएको भएपनि समितिले कारबाहीका लागि सिफारिस नगरेको हुनाले उक्त समितिको औचित्य के रहयो भन्ने प्रश्न समेत उठेको छ । समितिका एक सदस्यका अनुसार अनियमिततामा कार्यकारी निर्देशकसहित अन्य उच्चतहका व्यक्तिहरूको प्रत्यक्ष संलग्नता देखिएको हुनाले कारबाहीको लागि सिफारिस नगरिएको हो ।

समितिले आफैंले ३३ केभी लाइनबाट सोझै लोडसेडिङ्ग नहुने गरी बत्ति दिनु विद्युत् नियमावलीको विपरित भएको प्रतिवेदनमा उल्लेख गरेपनि दोषी उपर कारबाहीको सिफारिस नगरेर दोहोरो चरित्र प्रदर्शन गरेको छ । निर्णय विपरित देखिएपछि जुनसुकै बेला लाइन काट्न सकिने भएपनि आजसम्म त्यसो गरिएको छैन । समितिको प्रतिवेदन प्राप्त भएकै दिन अर्थात वैशाख १० गते उर्जा मन्त्रालयले तत्कालै लोडसेडिङ्ग गर्न निर्देशन दिए पनि प्राधिकरणले ति उद्योगहरूमा लोडसेडिङ्ग नगरेको हुनाले मन्त्रलायको निर्देशन समेत विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक रामेश्वर यादवले धज्जी उडाएका छन् । उच्चस्तरीय समितिले नै अनियमितता गर्ने कर्मचारीहरूलाई कारबाही गर्न सिफारिस नै नगरेको हुनाले अनियमितता गर्ने कर्मचारीलाई उन्मुक्ति दिएको प्राधिकरण सुत्रले दाबी गरेको छ ।

### राजनीतिमा...

सहभागी हुनु हुने, तर नेपाली कांग्रेस र एमालेलगायतका अन्य प्रजातान्त्रिक दलहरूले मोर्चाबन्दी गरेको खण्डमा नेकपा एमाले सिद्धिएको घोषणा गर्नु एक किसिमले नौटंकी प्रदर्शन गर्नु बाहेक अन्य केही होइन । एकीकृत नेकपा माओवादीका उपाध्यक्ष डा.बाबुराम भट्टराई नेतृत्वमा सरकार निर्माण गर्दा मधेसी दलहरू विभाजित भए । मधेसी दलहरू सत्ता बाहिर बस्न सक्दैनन भन्ने आरोप स्वयम् मधेसी दलहरूले नै लगाइरहेका छन् । पहिलो संविधानसभामा सबै मधेशवादी दलहरूको संविधानसभामा सदस्यहरूको संख्या ८२ रहेको र चार वटा मात्र पार्टी भएको अवस्थामा अहिले मधेसवादी दलहरू विभाजित भए १४ वटा दल बनेका छन् । मधेसवादी दलहरू विभाजित भएको अवस्थाको फाइदा उठाउनैका लागि एमाओवादीले मधेसवादी दलसँग मोर्चा बन्दी गर्न लागेको साँचो अर्थमा भन्ने हो भने मधेसवादी दलहरूमाथि चढेर आफ्नो स्वार्थ सिद्ध गर्ने बाहेक अन्य केही हुन सक्दैन ।

एकीकृत नेकपा माओवादीले निर्वाचन आयोगले तयार पारेको निर्वाचन निर्देशिकाको विरोध गरेको छ । आउँदो संविधानसभाको निर्वाचनमा प्रत्यक्ष तर्फ कुल मतको एक प्रतिशत मत नपाउने दललाई समानुपातिकमा सदस्य नदिइने प्रावधान उचित भएपनि एमाओवादी विरोधमा उभिनु र अपराधमा संलग्न भएका र जेल सजाय पाइसकेका व्यक्तिहरू कम्मीमा ६ वर्षसम्म उम्मेदवार हुन नपाउने व्यवस्था स्वागत योग्य भएपनि अपराधी प्रवृत्ति भएका व्यक्तिहरूलाई उम्मेदवार बनाउने र सर्वोच्च अदालतबाट सर्वस्वसहित जन्मकैदको फैसला पाएका व्यक्तिलाई समेत उम्मेदवार बनाउन पाउनु पर्छ भन्नु राजनीतिलाई अपराधीकरण गर्न खोज्नु बाहेक अन्य केही होइन ।

उम्मेदवार हुने व्यक्तिले आफ्नो सम्पत्ति विवरण उल्लेख गर्दा एमाओवादीलाई के को आपत्ति ? तर उ त्यसमा सहमत छैन । किनकि एमाओवादीका नेताहरूले ठूलो मात्रामा रकम अर्जन गरेका हुनाले गाउँ–गाउँका व्यक्तिहरूले उनीहरूको सम्पत्ति कति थियो भन्ने जानकारी भएको हुनाले सम्पत्ति उल्लखे गर्न चाहिरहेको छैन । नेपाली कांग्रेस, एमाले लगायतका अन्य दलहरूले आयोगले तयार पारेको चुनावी निर्देशिका स्वीकार गरिसकेको अवस्थामा एमाओवादी र मधेशवादीहरूले त्यसको विरोध गर्नु आफैंमा अर्थपूर्ण र राजनीतिलाई शुद्ध पार्नुको बदला राजनीतिमा अपराधिकरण गर्ने एक मात्र मनसाय देखिएको एक राजनीतिक विश्लेषक बताउँछन् ।

### चन्दा सूची...

व्यवसायीले घरघरानबाट चन्दा दिने होइन । आफूले कारोबार गर्ने बस्तु वा सेवामा भाउ बढाएर पैसा उठाउने र चन्दा दिने हो । यसरी चन्दा दिँदा त्यसको प्रत्यक्ष मार सेवाग्राही, उपभोक्तालाई नै पर्ने हो । त्यसकारण पनि चन्दा सूची सार्वजनिक गर्दा त्यसको प्रत्यक्ष मार राजनीतिक पार्टी र नेताहरूलाई नै पर्छ । आम नागरिक समाजमा आवाज उठिरहेको छ कि चन्दादाताहरूले चन्दा सूची छिटो सार्वजनिक गर्नुपर्छ ।

चन्दा सूची सार्वजनिक भयो भने निर्वाचन नै नआई उम्मेदवारहरूले पहिले नै जनविश्वासबाट टाढिनु पर्नेछ ।

### अन्ततः ...

गरेका व्यक्तिहरू बढुवा भइ अहिले पनि सचिव पदमा कार्यरत छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत कार्कीसँगै दोषी ठहर गरिएका व्यक्ति सचिव भएर उमेर हदले आवकास समेत पाइकसकेका छन् ।

पछिल्लो समयमा कार्कीका विरूद्ध राजस्व मारा र केही भ्रष्ट व्यक्तिहरू खनिएका छन् । कार्की अयोग प्रमुख भएको खण्डमा आफूहरूले ब्रम्हलुट मच्चाउन नपाउने भएको हुनाले नै उनीहरू त्यसरी खनिएको एक सम्बद्ध सुत्रले दाबी गरेको छ । रायमाझी आयोगमै सदस्य रहेका आयोगका दुई सदस्यहरूले रायमाझीले व्यक्तिगत रिसइवी साँध्नका लागि मात्र कार्कीको नाम सिफारिस गरेको हुनाले आफूहरूले त्यस विषयमा नोट अफ डिसेन्ट लेखेको सार्वजनिक रूपमै बताइसकेका हुनाले कार्कीलाई नियुक्त गर्न हुँदैन भन्नुको पछाडि कुनै तुक छैन । कार्कीका विरूद्धमा परेको रिट अनुमानका भरमा दर्ता गरिएको छ । सर्वोच्च अदालतमा अहिले त्यसमा बहस पैरवी भइरहेको हुनाले कार्कीले न्याय पाउनेछन् भन्दै एक कानुन व्यवसायीले भने अनुमानको भरमा अन्तरिम आदेश जारी गरिएको र अहिले त्यसलाई सच्याएर कानुनी राज्यको अवधारणालाई सर्वोच्च अदालतले नै प्रमाणित गर्नुपर्ने आवश्यकता भएको बताएका छन् ।

कार्की भन्सार विभागको महानिर्देशक हुँदा ७२ लाखको सुन छुटाएको अरोप लगाइएको छ, तर तत्कालिन विमानस्थल भन्सार कार्यालयका प्रमुख भगवतीप्रसाद काफ्लेले त्यही अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सचिव भइ अवकाश पाईसकेका छन् । कार्कीसँगै उनलाई पनि आरोप लगाइएको थियो, त्यसबेला काफ्ले सहसचिव थिए, त्यसबेला सरकारले काफ्लेलाई कुनै दण्ड सजाय गर्नु नपर्ने ठहर गर्दैसचिवमा बढुवा गरेको थियो । यसरी एउटै अरोप लागेका व्यक्तिमाथि पूर्वाग्रही ढंगले कसैलाई काखा कसैलाई पाखा गर्नु भनेको विधिको शासनको खिल्ली उडाउनु नै हो एक कानुन व्यवसायी भन्छन् । आरोप लगाउनेले प्रमाणित गर्न सक्नु पर्छ, जबसम्म अदालतले प्रमाणित गर्दैन तबसम्म कसैलाई पनि आपराधी भने अधिकार कसैलाई छैन । कार्की विरूद्ध सर्वोच्च अदालतमा रिट परेको र अन्तरिम आदेश समेत जारी भएको अवस्थामा सर्वोच्च अदालतले वैशाख १६ गते अन्तरिम आदेश खारेज गर्दै कार्कीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुखमा नियुक्तिका लागि बाटो खोलिदिएको छ ।

**कसैले पनि जातीय भेदभाव तथा छुवाछुत गर्न वा गराउन हुँदैन । यदि गरेमा जातीय भेदभाव ऐन बमोजिम सजाय हुनेछ ।**

**नेपाल सरकार**

**सूचना तथा सञ्चार मन्त्रालय**

**सूचना विभाग**

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुढनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९, बजार व्यवस्थापक : मनोज खड्का (९८४१८१६०७६) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार